म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १८६ शुक्रबार, ८ फागुन २०८२ ने. सं. ११४६ चिल्लाथ्व 20 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**

*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

देश र जनताप्रतिको उत्तरदायित्व हराउँदा प्रजातन्त्रको आत्मा कमजोर हुन्छः प्रदेशप्रमुख

## 'निष्पक्ष निर्वाचन प्रजातन्त्रको मुटु'

मनिल महतो

हेटौंडा, ७ फागुन/ बागमती प्रदेशप्रमुख दिपकप्रसाद देवकोटाले देश र जनताप्रतिको उत्तर दायित्व हराउँदा प्रजातन्त्रको आत्मा कमजोर हुने बताएका छन् ।

राष्ट्रिय प्रजातन्त्र दिवस २०८२ को अवसरमा बागमती प्रदेश सरकारको आयोजनामा बिहिबार हेटौंडामा आयोजित समारोहमा सम्बोधन गर्दै प्रदेशप्रमुख देवकोटाले प्रजातन्त्रलाई बलियो बनाउन देश र जनताप्रति जिम्मबार बन्नुपर्ने धारणा राखे । प्रजातन्त्रलाई विधिको शासनको रुपमा परिभाषित गर्दै उनले नेतृत्वकर्ताले पारदर्शीता र उत्तर दायित्वलाई भुल्न नहुने बताए । प्रदेशप्रमुख देवकोटाले शिशु प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको आधार शिलाको नाममा धेरै समय गुज्रिसकेको उल्लेख गरे ।




उनले देशमा राजनीतिक स्थायित्व जरुरी भएपनि सुशासन र सामाजिक न्यायबिनाको स्थायित्वको कुनै अर्थ नहुने जिकिर गरेका छन् । राजनीतिक अवरोधबिना देशको विकास अविरल गतिमा अघि बढ्नुपर्ने उनको भनाई छ । इतिहासका राम्रा र नराम्रा कुराबाट पाठ सिकेर अघि बढ्नुपर्ने बताउँदै उनले विगतका नराम्रा पक्षमा अल्झिँदा देश समृद्ध नहुने दाबी गरे । प्रदेशप्रमुख देवकोटाले निष्पक्ष निर्वाचन प्रजातन्त्रको मुटु भएको बताएका छन् । मतदाताले डर, त्रास र दबाबबिना गोप्य मताधिकारको प्रयोग गर्नसक्ने वातावरण तयार हुनुपर्ने उनको भनाई छ । अरुको आलोचना भन्दा आफूले राम्रो गरेर देखाउनुपर्ने बताउँदै उनले सामाजिक सञ्जालमा देखिएका सतही प्रचार मार्फत मतदातालाई प्रभावमा पार्न खोजिनु गलत भएको जिकिर गरे ।

प्रदेशप्रमुख देवकोटाले निर्वाचनपछि राजनीतिक दल, मतदाताबीच मनमुटाव नरहोस् भन्नेतर्फ सचेत रहनुपर्नेमा जोड दिए । विगतको गौरवलाई सम्झिँदै वर्तमानलाई सुधार्ने र भविष्यलाई सुरक्षित बनाउने प्रण सबैले गर्नुपर्ने उनले बताए । युवापुस्ताको मनोभावनालाई कदर गर्दै राष्ट्रप्रतिको जिम्मेवारीलाई शीरोपर गर्ने अवस्था सिर्जना हुने कुरामा नागरिकको चासो रहेको उनले उल्लेख गरेका छन् । प्रदेशप्रमुख देवकोटाले फागुन २१ गतेको निर्वाचन सम्पूर्ण राजनीतिक अस्थिरता र अन्योलतालाई चिर्दै समृद्ध नेपाल निर्माणको दिशामा अघि बढ्न कोशेढुंगा सावित हुने विश्वास व्यक्त गरे ।

त्यसैगरी, मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रजातन्त्रमाथि बसेर प्रजातन्त्रलाई कमजोर बनाउने छुट कसैलाई नभएको बताएका छन् । प्रजातन्त्रको नाममा हुने शासनमा जनताको अधिकार मिच्ने काम हुँदा जनताले नसहने विगतका विभिन्न राजनीतिक आन्दोलनबाट पुष्टि भएको उनको भनाई छ । मुख्यमन्त्री बानियाँले सबै जातजाति मिलेर बसेको नेपालमा प्रजातन्त्रको लागि नेपाली जनता जुनसुकै मूल्य चुकाउन तयार रहेको बताए । उनले अब नेपालमा कोही शहिद बन्न नपर्ने बताए ।

पारदर्शी, जवाफदेही, सुशासन प्रदेश सरकारको धर्म भएको उनको भनाई छ । मुख्यमन्त्री बानियाँले शासन चलाउनेदेखि प्रशासन चलाउनेसम्मले जनतालाई केन्द्रबिन्दुमा राखेर काम गर्नुपर्ने बताए । विगतको कमजोरीलाई सुधार्दै आफ्नो कर्तव्यप्रति निष्ठ हुनुपर्नेमा उनले जोड दिए । समारोहमा आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारीले प्रजातन्त्र दिवसलाई एकदिनको औपचारिक कार्यक्रममा मात्र सीमित राख्न नहुने बताए । देशको शिक्षा नीति नै कमजोर हुँदा पछिल्लो समय प्रजातन्त्र पनि कमजोर बन्दै गएको उनले उल्लेख गरे ।

कार्यक्रममा नेवा सांस्कृतिक पुचः हेटौंडा र श्री छोर्वाबोन्बो तथा डम्फु सेलो संस्थाले स्थानीय भेषभूषा र संस्कृति झल्कने झाँकी प्रस्तुत गरेका थिए । प्रत्येक वर्ष फागुन ७ गते मनाइने यो दिवस २००७ सालमा नेपालमा प्रजातन्त्र स्थापना भएको ऐतिहासिक दिवसको रुपमा मनाउने गरिन्छ । शहीदहरु दशरथ चन्द, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ र शुक्रराज शास्त्रीको बलिदानपछि २००७ सालको जनक्रान्तिमार्फत् निरङ्कुश राणा शासनको अन्त्य भएको दिनको स्मरणमा यो दिवस मनाइएको हो ।

वि.सं. २००७ फागुन ७ गते तत्कालीन राणा शासनको अन्त्य भई जनताको प्रतिनिधित्वमा आधारित शासन व्यवस्थाको प्रारम्भ भएको थियो । प्रजातन्त्र स्थापनासँगै नागरिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता तथा बहुदलीय राजनीतिक अभ्यासको मार्ग खुलेको थियो । नेपालमा २००७ सालको प्रजातान्त्रिक परिवर्तनपछि विभिन्न राजनीतिक उतारचढाव भएपनि २०६२/६३ को जनआन्दोलन र त्यसपछिको राजनीतिक प्रक्रियाले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापित गरेको हो ।

## सवारी कारवाहीबाट ५८ लाख रुपैयाँ राजश्व संकलन




साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले माघ महिनाको मासिक प्रगति विवरण सार्वजनिक गर्दै अपराध नियन्त्रण र शान्तिसुरक्षाको अवस्थाबारे जानकारी दिएको छ ।

प्रहरीकाअनुसार माघ महिनामा सवारी दुर्घटनाको अवस्था पनि चुनौतीपूर्ण देखिएको छ । १५७ वटा सवारी दुर्घटनामा परी ३६ जनाले ज्यान गुमाएका छन् भने २८० जना घाइते भएका छन् । ट्राफिक नियम उल्लंघन गर्ने ४ हजार ५२ वटा सवारीसाधनलाई कारबाही गर्दा ५८ लाख ६९ हजार रुपैयाँ राजश्व संकलन भएको छ । यस्तै, भन्सार छलीगरी ल्याइएका १ करोड ५० लाख ७० हजार ९ सय ७२ रुपैयाँ बराबरका सामान बरामद गरिएको छ भने प्राकृतिक सम्पदा दोहनमा संलग्न १०४ सवारी साधनलाई कारबाही गरी १७ लाख ७७ हजार २ सय ३५ रुपैयाँ राजश्व संकलन गरिएको छ ।

माघ महिनामा प्रदेशभर कुल ३ सय ८८ वटा अपराधका मुद्दा दर्ता भएका छन्, जसमा जघन्य तथा गम्भीर अपराधका २७१ वटा, आर्थिक अपराधका ६५ वटा, महिला, बालबालिका तथा ज्येष्ठनागरिकसँग सम्बन्धित २१ वटा र अन्य ३१ वटा रहेका छन् । यस अवधिमा विभिन्न मुद्दाका २७५ जना प्रतिवादी र विभिन्न समयदेखि फरार रहँदै आएका २ सय २६ जना गरी कुल ५०१ जनालाई पक्राउ गरिएको छ । लागूऔषध नियन्त्रणतर्फ प्रहरीले माघ महिनामा ठूलो सफलता हात पारेको बताइएको छ ।

प्रहरीले २२१ किलो २३७ ग्राम गाँजा, १२१ किलो ४६६ ग्राम चरेश, ४३ ग्राम ५५१ मिलिग्राम खैरोहेरोइन, ५ हजारभन्दा बढी ट्रामाडोल क्याप्सुल, ७४६ ट्याबलेट नाईट्रोजेपाम र विभिन्न लागूऔषध बरामद गरेको छ । लागूऔषध कारोबारमा संलग्न ८३ जनालाई पक्राउ गरी ५८ वटा मुद्दा दर्ता गरिएको छ । अवैध हातहतियार तर्फ प्रहरीले १ थान एसएलआर, ३ नाल सानो हतियार, २ नाल भरुवा बन्दुक र छर्रा बरामद गरेको जानकारी दिएको छ । सामाजिक समस्या र उजुरी व्यवस्थापनतर्फ माघ महिनामा १८५ जना हराएकोमा ११९ जना फेला परेका छन् भने ५६ जनाको खोजी कार्य जारी छ ।

घरेलुहिंसाका ८६ निवेदन मध्ये ४६ वटामा मिलापत्र गराइएको छ । प्रदेश प्रहरी कार्यालयमा सीधै प्राप्त ४५२ उजुरीमध्ये ३४९ वटा र जिल्ला प्रशासन कार्यालयमार्फत् आएका ९३ मध्ये ५२ वटा उजुरी फछ्र्यौट भएका छन् । यसै अवधिमा आत्महत्याका ६४ वटा र आगलागीका १४ वटा घटना भएका छन् । प्रहरीले समुदायमा सचेतना फैलाउन लागूऔषध, ट्राफिक नियम र साइबर अपराधलगायतका विषयमा ६ सय ७२ वटा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको विवरणमा उल्लेख छ ।

## रेडियो थाहासञ्चारको १८ औं वार्षिकोत्सव समापन



साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ विन्दावासिनी मिडिया प्रालिद्वारा सञ्चालित रेडियो थाहासञ्चार ९९.६ मेगाहर्ज हेटौंडाले १८ औं वार्षिकोत्सव मनाएको छ । रेडियोले सप्याहव्यापी कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव मनाएको हो ।

रेडियोले सप्ताहव्यापी कार्यक्रमअन्तर्गत पहिलो दिन फागुन १ गते हेटौंडा-१, स्थित नेपाल फलफूल तथा तरकारी बजारमा सरसफाई, फागुन २ गते हेटौंडा-४ हुप्राचौरमा पत्रकार महिला र अधिकारकर्मी महिलाबीच मैत्रीपूर्ण फुटबल प्रतियोगिता, फागुन ३ गते थाहादर्शन कार्यक्रम, फागुन ४ गते मकवानवपुरगढी गाउँपालिका-५ मा रहेको सरस्वती प्राथमिक विद्यालयका विद्यार्थीलाई शैक्षिक तथा स्वास्थ्य र आयोडिनयुक्त नुन वितरण गरिएको थियो भने फागुन ६ गते हेटौंडा ऐकेडेमीको सहकार्यमा बाल साहित्य कार्यक्रमको आयोजना गरेको थियो ।

रेडियोले बिहिबार अन्तिम दिन थाहा वर्ष सम्मान तथा समापन गरेको छ । समापन कार्यक्रम रेडियोका संचालक अरुणराज सुमार्गीको सभाध्यक्षता तथा मकवानपुरका प्रमुख जिल्ला अधिकारी (सीडीयो) बसन्त अधिकारीको प्रमुख आतिथ्यतामा भएको हो ।

रेडियोको स्टेशन म्यानेजर गोकुल अधिकारीले संचालन गरेको कार्यक्रममा व्यवसायीतर्फ सीआईडीका संचालक दिनेश रिजाल, श्रोता मिलनका अध्यक्ष विष्णु लामिछाने, गैरसरकारी सँस्था मकवानपुरकि अध्यक्ष रमिला सापकोटा, साल्ट ट्रेडिङ कर्पोरेशन हेटौंडाका प्रमुख मधुसूदन अधिकारी, पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगरले मन्तव्य राखेका थिए ।

सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी सस्थाका अध्यक्ष रामबहादुर बस्नेतलाई थाहा वर्ष सम्मान २०८२ प्रदान गरिएको थियो । समाजसेवीसमेत रहेका बस्नेतलाई प्रमुखअतिथि, सभाध्यक्ष, अतिथिले दोसल्ला ओडाई सम्मानपत्र हस्तान्तरण गरेका थिए ।

सम्मान ग्रहण गर्दै अध्यक्ष बस्नेतले आफ्नो कामको मूल्यांकन हरी आफूलाई सम्मान गरेकोप्रति धन्यवाद व्यक्त गरे । उनले सहकारी र मिडियाकर्मीको सम्बन्ध नङ र मासुको जस्तो रहेको भन्दै रेडियोको वार्षिकोत्सवको अवसरमा शुभकामना दिए ।

कार्यक्रममा पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाईं, स्वतन्त्र पत्रकार महासंघका केन्द्रीय उपमहासचिव सुरेश श्रेष्ठ, सिबिन नेपाल मकवानपुरका प्रमुख झविन्द्र ज्ञवाली, सन्चारिका समूह मकवानपुरकी अध्यक्ष निशा गुरुङ, स्वतन्त्र पत्रकार महासंघ मकवानपुर अध्यक्ष राजन घिमिरे, विभिन्न संघसंस्थाका प्रमुख, विज्ञापनदाता, सञ्चारकर्मीलगायतको आतिथ्यता रहेको थियो ।

## नेपाली भाषासँगै स्थानीय मातृभाषामा मतदाताशिक्षा प्रदान



साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा बदर मत घटाउने र मतदातालाई मतदान प्रक्रियाका बारेमा बुझाउने उद्देश्यले मकवानपुरका १०२ वटै वडामा मतदाताशिक्षा सञ्चालन भइरहेको छ ।

फागुन ३ गतेदेखि सुरु भएको मतदाताशिक्षा फागुन १७ गतेसम्म सञ्चालन हुने प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । प्रत्येक वडामा स्वयंसेवक परिचालन गरी घरदैलोमा नमूना मतपत्रमार्फत् मतदाताशिक्षा दिइँदै आएको छ । स्वयंसेवकले नेपाली भाषासँगै स्थानीय मातृभाषामा समेत शिक्षा प्रदान गरि रहेका छन् । चेपाङ र तामाङ समुदायको बाहुल्यता रहेको क्षेत्रमा चेपाङ र तामाङ भाषामा मतदाता शिक्षा दिइएको छ । मकवानपुर-२ निर्वाचन क्षेत्रमा पर्ने राक्सिराङ र कैलाशका अधिकांश वडामा स्वयंसेवकले नेपालीका साथै चेपाङ भाषामा पनि मतदाता शिक्षा दिइरहेका छन् ।

यस्तै, थाहा नगरपालिकामा तामाङ भाषामा मतदाताशिक्षा प्रदान भइरहेको छ । मतदाताशिक्षा कार्यक्रमको अनुगमनका लागि १० स्थानीय तहका लागि तालिम प्राप्त अनुगमनकर्ता नियुक्त गरिएको छ । स्वयंसेवकले मतदाताको घरबस्ती, समुदायस्तरमै पुगेर नमूना मतपत्र मार्फत मतदान गर्ने सही तरिका, मतपत्रमा छाप लगाउने, पट्याउने र बाकसमा खसाल्ने प्रक्रियासम्म सिकाउनेछन् । मतदान प्रक्रियालाई सहज र सरल बनाउने तथा बदर मत घटाउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख हरिप्रसाद ढकालले बताए । उनका अनुसार मकवानपुरमा २०७९ को प्रतिनिधि सभा निर्वाचनमा ४ दशमलव ४६ प्रतिशत मत बदर भएको थियो ।

उम्मेदवार तथा राजनीतिक दलका प्रतिनिधिले पनि घरदैलो गर्दा मत हाल्ने तरिका सिकाए बदर मत अझै कम हुनसक्ने उनले बताए । दुई निर्वाचन क्षेत्र रहेको मकवानपुर-१ मा १ लाख ५८ हजार ४३५ मतदाता छन् भने मकवानपुर-२ मा १ लाख ५६ हजार ८९९ मतदाता रहेका छन् । जिल्लाको कुल मतदाता संख्या ३ लाख १५ हजार ३३४ पुगेको छ, जसमा महिला मतदाता १ लाख ५३ हजार ३७६ छन् भने अन्य मतदाता ५ जना छन् ।



साझाकुरा

## हाम्रो कुरा

# ७ महिनामा १८ प्रतिशट खर्च

तीनै तहका सरकारको पूँजीगत खर्च गर्ने क्षमतामा ब्यापक ह्रास आएको देखिएको छ । असार लागेपछि बजेट सकाउने खेल हरेक वर्ष झैं यसवर्ष पनि जारी रहने सम्भावना छ । चालु आर्थिक वर्षको ७ महिनामा बागमती प्रदेश सरकारले कुल बजेटको १७ दशमलव ७९ प्रतिशत बजेट मात्र खर्च गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको अनुसार कुल विनियोजित बजेट ६७ अर्ब ४७ करोड ७३ लाखको १७ दशमलब ७९ प्रतिशत अर्थात् १२ अर्ब ३१ लाख ७५ हजार मात्र बजेट खर्च भएको छ । प्रदेश सरकारले पुँजीगततर्फ विनियोजन गरेको कुल ४१ अर्ब ४३ करोड ३५ लाख ३६ हजार रुपैयाँमध्ये पुस मसान्तसम्म जम्मा ५ अर्ब २२ करोड ८५ लाख ५० हजार रुपैयाँमात्रै खर्च गरेको आर्थिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत इन्द्रराज संज्यालले जानकारी दिए । पुँजीगत खर्च १२ दशमलब ६२ प्रतिशतमात्र भएको उनको भनाइ छ । प्रशासनिक तथा साधारण प्रकृतिको चालुखर्च भने २६ दशमलब ०१ प्रतिशत भएको छ । चालुतर्फ विनियोजित २६ अर्ब ४ करोड ३७ लाख ९१ हजार रुपैयाँमध्ये ६ अर्ब ७७ करोड ४६ लाख २४ हजार रुपैयाँ खर्च भएको संज्यालले बताए । चालु आर्थिक वर्षको बजेटमा सबैभन्दा बढी खर्च श्रम रोजगार तथा यातायात मन्त्रालयले गरेको छ ।

यो मन्त्रालयले कुल विनियोजित ७२ करोड ५ लाख ४४ हजार रुपैयाँमध्ये पुँजीगततर्फ २६ दशमलब ३८ प्रतिशत र चालुतर्फ ३७ दशमलब ७८ प्रतिशत खर्च गरेको छ । यो मन्त्रालयले ७ महिनामा कुल ३४ दशमलब ९५ प्रतिशत अर्थात् २५ करोड १८ लाख ४५ हजार रुपैयाँ खर्च गरेको हो । स्वास्थ्य मन्त्रालयले ३१ दशमलब ५९ प्रतिशत अर्थात् १ अर्ब ११ करोड ८५ लाख ९२ रुपैयाँ खर्च गरेको छ । जसमा चालुतर्फ ३४ दशमलब ०९ प्रतिशत अर्थात् १ अर्ब ६ करोड ५३ लाख ३६ हजार र पुँजीगततर्फ १२ दशमलब ७९ प्रतिशत अर्थात् ५ करोड ३२ लाख ५६ हजार रुपैयाँ खर्च भएको छ । स्वास्थ्य मन्त्रालयलाई चालु आर्थिक वर्ष ३ अर्ब ५४ करोड १३ लाख ९३ हजार रुपैयाँ बजेट उपलब्ध गराइएको छ । २० करोड ७८ लाख ८१ जार रुपैयाँ बजेट विनियोजन भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले २९ दशमलब ३६ प्रतिशत अर्थात् ६ करोड १० लाख ४२ हजार रुपैयाँ खर्च गरेको छ । जसमा चालुतर्फ ५ करोड २५ लाख २८ हजार रुपैयाँ अर्थात् ३० दशमलब ८२ प्रतिशत र पुँजीगततर्फ ८ करोड ५१ लाख ४ हजार रुपैयाँ अर्थात् २२ दशमलब ७५ प्रतिशत खर्च भएको छ । वन तथा वातावरण मन्त्रालयले ३ अर्ब ६७ करोड ४५ लाख ५५ हजार रुपैयाँ बजेटमध्ये ७ महिनामा २२ दशमलब ३४ प्रतिशत अर्थात् ८२ करोड ८ लाख २२ हजार रुपैयाँ खर्च गरेको छ । सो मन्त्रालयले पुँजीगततर्फ ३५ करोड ७ लाख ६३ हजार रुपैयाँ अर्थात् १४ दशमलब १३ प्रतिशत र चालुतर्फ ४७ करोड ५९ हजार रुपैयाँ अर्थात् ३९ दशमलब ४५ प्रतिशत खर्च गरेको छ । उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले कुल विनियोजित बजेट ६४ करोड ८५ लाख १३ हजार रुपैयाँमध्ये १३ करोड ३ लाख ३७ हजार रुपैयाँ अर्थात् २० दशमलब १० प्रतिशत बजेट खर्च गरेको छ भने प्रदेशको सबैभन्दा बढी बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले बजेट कार्यान्वयन १८ दशमलब ५५ प्रतिशत मात्र छ ।

यो मन्त्रालयका लागि विनियोजित २१ अर्ब १६ करोड ४० लाख ४५ हजार रुपैयाँमध्ये ३ अर्ब ९२ करोड ६२ लाख ७७ हजार रुपैयाँ खर्च भएको हो । जसमा पुँजीगततर्फ ३ अर्ब ७६ करोड ६७ लाख ९५ हजार रुपैयाँ अर्थात् १८ दशमलब १५ प्रतिशत र चालुतर्फ १५ करोड ९४ लाख ८२ हजार रुपैयाँ अर्थात् ३९ दशमलब ०१ प्रतिशत खर्च भएको छ । संस्कृति तथा पर्यटन मन्त्रालयले कुल विनियोजित बजेटको ४ दशमलब २४ प्रतिशत खर्च गरेको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २२ दशमलब ३१ प्रतिशत, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले १५ दशमलब ८१ प्रतिशत, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले १२ दशमलब ७८ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ३२ दशमलब ६९ प्रतिशत, सहकारी तथा गरिबी निवारण मन्त्रालयले १४ दशमलब ४७ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले ८ दशमलब ७८ प्रतिशत र सामाजिक विकास मन्त्रालयले १७ दशमलब ३५ प्रतिशत बजेट खर्च गरेको छ । प्रदेशसभा सचिवालयले ३३ दशमलब ८४ प्रतिशत, प्रदेश लोकसेवा आयोगले ४० दशमलब ०९ प्रतिशत, मुख्य न्यायाधीवक्ता कार्यालयले ३३ दशमलब १९ प्रतिशत बजेट खर्च गरेको छ । प्रदेश नीति तथा योजना आयोगले २५ दशमलब ८६ प्रतिशत बजेट कार्यान्वयन गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन ९ गते शनिबार २१ फेब्रुअरी २०२६ । चतुर्थी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३८ सूर्यास्त ५:५८ । विश्व मातृभाषा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कामको उचित प्रतिफल पाइनेछ | **तुला** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| **वृष** | : धन आर्जन हुनेछ | **वृश्चिक** | : अधुरा योजना पूरा हुने देखिन्छ |
| **मिथुन** | : काम बन्नाले उत्साह जाग्नेछ | **धनु** | : भाग्योदयको समय रहनेछ |
| **कर्कट** | : दोहोरो लाभ मिल्नेछ | **मकर** | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| **सिंह** | : श्रमबाट प्रशस्त लाभ हुनेछ | **कुम्भ** | : काममा उत्साह बढ्नेछ |
| **कन्या** | : पारिवारिक समस्या आउनसक्छ | **मीन** | : प्रेमको बन्धन कसिनेछ |

# नेपालीकै प्रयासमा नेपालको भविष्य कोर्ने दिन



✍शंकरनाथ काफ्ले

जति-जति निर्वाचनको मिति नजिकिँदै गरेको छ, त्यति नै मात्रामा राजनीतिक दलका नेताहरूको अभिव्यक्ति आक्रामक र भ्रमपूर्णरुपमा प्रवाह हुन थालिरहेको छ । मतदातालाई के भनेर आफूप्रति आकर्षित गर्ने र के भनेर अरूप्रति नकारात्मक भाव पैदा गराउने भन्ने अभियानमा प्राय: उम्मेदवार अनि तिनका समर्थकहरू लागिपरिरहेका देखिन्छन् । जो कोही किन नहुन्, आफूले आफूलाई राष्ट्रवादी र अरू सबै विदेशी शक्तिबाट परिचालित गोटी हुन् भनेर लान्छना लगाउन र भ्रम फैलाउन मुढेबल प्रयोग गरिरहेका देखिन्छन् ।

अधिकांश राजनीतिक दलहरूले आ-आफ्नो तर्फबाट घोषणापत्र वा बाचापत्रहरू सार्वजनिक गरिरहेका छन् । तर पनि उम्मेदवारहरू आफूलाई कसरी उत्कृष्ट प्रमाणित गर्ने होला भन्नेमा भन्दा पनि अरूलाई कसरी कमजोर देखाउने भन्ने उद्देश्यले षड्यन्त्रका तानाबाना बुनिरहेका छन् । यसपालिको निर्वाचनमा भ्रम र अफवाहहरू फैलाउनको लागि महत्वपूर्ण माध्यम सामाजिक सञ्जाललाई बनाइएको देखिन्छ । सामाजिक सञ्जालको भरमा नागरिकबाट आफ्ना उम्मेदवारको परीक्षण गर्ने निर्णय गरियो भने मुलुकको लागि आवश्यक पर्ने सही नेतृत्व नपाउन पनि सकिन्छ । तसर्थ फागुन २१ गतेको निर्वाचन राजनीतिक दलका उम्मेदवारहरूको मात्र परीक्षा होइन, आम मतदाताको अग्निपरीक्षासमेत हुनेछ ।

विडम्बना नै मान्नुपर्छ, नेपाली राजनीतिमा आफू अनुकूल कुनै कुरा भएन कि त त्यसलाई विदेशी प्रभाव वा हस्तक्षेपसँग जोड्ने संस्कार बनाइएको छ । जुन दलको आफ्नो राष्ट्रिय चिन्तन छैन, जसले आफ्ना राजनीतिक उद्देश्य नै विदेशीहरूले बनाएका नीतिअनुसार चलाउने गर्दछन्, उनीहरूले समेत अरूलाई विदेशीको इशारामा चल्ने शक्ति भनेर आलोचना गरिरहेका हुन्छन् । विदेशीले बनाएका नीति र सिद्धान्तलाई घृणा गर्नुपर्छ भन्ने पनि छैन ।

आज हामीले जे-जति विज्ञानका सुविधाहरू उपभोग गरिरहेका छौं, ती हामीले आविष्कार गरेका पक्कै होइनौं, विदेशी वैज्ञानिकहरूकै बुद्धिको अनुशरण गरिरहेका छौं । बाहिरको कुनै विचार र वस्तु प्रयोग गर्नु सामान्य कुरा हो । हाम्रा प्रमुख पाठ्यपुस्तकहरूको स्रोत नै विदेश हो भने यो विषयमा आलोचना र टिप्पणी गरिरहनुपर्ने आवश्यक देखिँदैन । टिप्पणी नै गर्ने हो भने धर्मनिरपेक्ष र गणतन्त्रको खाका नै नेपालको मौलिक होइन, के अब हामी पछाडि फर्कने ? बाहिरको जे राम्रो छ, त्यसको अनुशरण गर्नु र भित्रको विकृतिहरू त्याग्नु नै सही मानेमा बुद्धिमानी कार्य हो । तर हामी यसैलाई राजनीतिको हतियार बनाएर विपक्षीलाई देशी र विदेशीको ट्याग लगाउन उद्यत् भइरहेका हुन्छौं ।

पक्कै पनि निर्वाचन भनेको जनताले आफ्नो भाग्य र भविष्य कोर्ने महत्वपूर्ण अवसर हो । निर्वाचनमा मतदान गर्नु जनताको कर्तव्य पनि हो । निर्वाचनमा मतदान गर्न चुक्यौं भने हाम्रो भविष्य पनि चुक्नेछ । निर्वाचन प्रजातन्त्रको इन्जिन हो । इन्जिनमा लापरबाही गरियो भने जसरी मोटरगाडी बिग्रन्छ त्यसै गरी निर्वाचनमा मतदाताले लापरबाही गरे भने जनताको मात्र होइन मुलुककै भविष्य जोखिममा पर्छ ।

तसर्थ मतदान कुनै लहड होइन, यो विवेकको परीक्षा पनि हो । हामीले मतदान गर्दा कसैको अनुहार हेरेर होइन, कोही कसैको नातागोता हेरेर होइन, कसैको कुरा सुनेर होइन, आफ्नो विवेकको प्रयोग गरेर मतदान गर्नुपर्दछ । हामीले हाम्रो मतलाई बिकाउको वस्तु ठान्नुहुँदैन, यसलाई मुलुक टिकाउनको माध्यम बनाउनुपर्छ । हामीले जब विवेक पुऱ्याएर मतदान गर्छौं, त्यसबाट हामीले हाम्रो सार्वभौम अधिकारको रक्षा गर्न सक्छौं । आफू सार्वभौम नागरिक हौं कि बाधाबन्धक हौं, निर्वाचनको बेलामा हामीले प्रयोग गर्ने विवेकले नै निर्धारण गर्ने गर्दछ ।

फागुन २१ गते हुने निर्वाचनमा नयाँ-पुराना धेरै दलहरूले जनतासँग भोटको अपेक्षा गरिरहेका छन् । बजारमा हरेक व्यापारीले आफ्नो सामानलाई सक्कली भनिरहेका हुन्छन्, उसले आफ्नो सामानप्रति ग्राहकको आकर्षण बढाउन विभिन्न माध्यमले विज्ञापन गरिरहेको हुन्छ । सबै सामान विज्ञापनमा प्रचार गरिएझैं नहुन पनि सक्छ भनेझैं आज राजनीतिक दलहरूले जनताको विश्वास जित्नको लागि घोषणापत्र वा बाचापत्रहरू जनताको घरदैलोमा ल्याइरहेका छन् । ती घोषणापत्र वा बाचापत्रमा लेखिएका कैयौं कुरा जनतालाई आश्वस्त पार्न वा अलमलमा पार्न वा भ्रममा पार्न पनि प्रस्तुत गरिरहेका छन् । तसर्थ एउटा ग्राहकले जसरी विज्ञापनको औचित्य र सामानको यथार्थता बुझेर कुन सामान खरिद गर्ने भनेर निर्णय गर्दछ त्योभन्दा गम्भीर चिन्तन गरेर जनताले मतदान गर्नुपर्ने हुन्छ । आज नयाँ र पुराना दलहरू भन्ने हावा फैलाइएको छ । पक्कै पनि पुराना दलहरूसँग इतिहास छ ।

इतिहास छ भनेर नै त्यसकै पछि लाग्नु वा नयाँ दलले के गर्छन् हेरुँ न त भनेर मतदान दिने होइन । मतदान गर्नुअघि कसको घोषणापत्र कस्तो छ ? ती घोषणापत्रमा लेखिएका कुरा पालना गर्न सक्ने क्षमता उनीहरूमा कत्तिको छ ? हिजो उनीहरूले बाचा गरेका कुराहरू कति पूरा गरे वा गरेनन् भन्ने अध्ययन गर्नुका साथै उम्मेदवारको चरित्रसमेतको विश्लेषण गरेर मतदान गर्नुपर्ने हुन्छ । दलका कार्यकर्तालाई आफ्ना नेताले भनेका कुरामा आँखा चिम्लेर विश्वास गर्ने छुट छ तर आम नागरिकमा विवेकको नै प्रयोग गर्नुपर्ने जिम्मेवारी छ । तसर्थ यो मुलुकको भविष्य कता लाने भन्ने जिम्मेवारी स्वतन्त्र सार्वभौम नेपाली जनताको विवेकमा अडिएको छ ।

कैयौंको धारणा सुनिन्छ, 'नेपालमा प्रजातन्त्र, गणतन्त्र वा परिवर्तन हामीले ल्याएका हौं, तसर्थ हामीलाई नै जिम्मेवारी दिनुपर्दछ ।' हुन त हिजो कसैले केही गरेका थिए भने त्यसको थुप्रै ब्याजसहितको सावाँ पनि असुलिसकेका होलान् । त्यसतर्फ पनि विचार गर्नुपर्ने हुन्छ । कतिले आफूले असुलेका ब्याज मुलुककै हितमा खर्च गरेका पनि छन्, तिनीहरूको सम्मान गर्नु पनि पर्दछ । यस्ता कुराको हिसाबकिताब मतदाताले राम्रोसँग राखेका हुन्छन् ।

बदलिँदो परिस्थितिसँगै जेनजी आन्दोलनको भावनालाई समेत सम्मान गर्न सक्ने सक्षम र इमानदार नेतृत्वको आवश्यकता देखिएको छ । जेनजी भावनाको कसले सम्मान गर्दछ ? त्यसतर्फ विशेष ध्यान दिनुपर्ने हुन्छ । जेनजी आन्दोलन भाद्र २३ र २४ गते घटेको घटना मात्र होइन, त्यो आन्दोलनभन्दा धेरै अघिदेखि नेपाली जनताले राज्यबाट राखेको अपेक्षा र गरेको चाहना पनि हो । नेपालमा प्रजातन्त्र, लोकतन्त्र वा गणतन्त्र आए पनि जनताको भावनाको सम्मान हुने गरी कसैले कार्य गर्न सकेको देखिएन ।

कार्य गर्न नसक्नु एउटा पाटो होला तर जनभावनालाई तहसनहस पार्नु गम्भीर भूल थियो । आम नेपालीको चाहना भ्रष्टाचारको पूर्ण नियन्त्रण गरी मुलुकमा सुशासन बहाली गरेर मूलुकलाई समृद्धिको मार्गमा लगिदिए हुन्थ्यो भन्ने थियो । भोलि जसले यो कार्य गर्न सक्छ, विश्लेषण गरी सही नेतृत्व छान्नु नेपालीको अग्निपरीक्षा बनेको छ निर्वाचनको सन्दर्भ । निर्वाचनमा उमेर गौण विषय हो । उम्मेदवारको चरित्र र क्षमता विशेष कुरा हो । बूढोले जित्नै नहुने र युवामा अनुभव नै छैन भन्ने खालका दुवै तर्क सान्दर्भिक छैनन् । बूढामा पनि युवा जोश हुन सक्छ, युवामा पनि बौद्धिक सिथिलता हुन सक्छ । हामी यता पनि अलमलिने होइन । आज मुलुकले परिवर्तन खोजेको छ ।

परिवर्तनकै लागि दुई वर्षअघि नै संसद्को निर्वाचन हुन गइरहेको छ । हुन त परिवर्तन भनेको राजनीतिक दलको परिवर्तन पक्कै होइन होला, राजनीतिक दलमा भएका नेताहरूको सोचमा परिवर्तन खोजिएको हो । जेनजी आन्दोलनपछि पुराना दलका केही नेताहरूमा पक्कै परिवर्तन आउँदै गरेको पनि देखिएको छ । यो परिवर्तनको सन्देश उनीहरूले जनताको दिमागमा कसरी पुऱ्याउन सक्षम हुन्छन् ? त्यसले निर्वाचनमा पक्कै परिणाम देखाउनेछ ।

पुरानो शक्तिबाट आजित भएकाहरू नयाँ शक्तिमा विकल्प खोजिरहेका छन् । यहाँ हामीले स्वीकार्नै पर्दछ कि नयाँ व्यक्ति आउँदैमा परिवर्तन हुन्छ नै भन्ने होइन । तर पुरानाले विश्वास गुमाएको बेलामा नयाँलाई सहज भने अवश्य हुन्छ । किनकि ऊ परीक्षण भइसकेको हुँदैन । आज कोही लोकप्रिय भएकोमा कसैलाई औडाहा भएको पनि देखिन्छ । जनताले कसैलाई विश्वास गर्छन्, ऊ जनतामाझ लोकप्रिय हुन्छ भने त्यसको सम्मान गर्नुपर्छ ।

औडाहा भएकाहरूले पनि राम्रो व्यवहार देखाए उनीहरू पनि जनताका माझ प्रिय भइहाल्छन नि । आजसम्म जतिपटक निर्वाचन भयो र जसले विजय हासिल गरे, ती सबै लोकप्रिय भएर नै निर्वाचनमा जितेका हुन् । अलोकप्रियले त निर्वाचनमा जमानत पनि जोगाउन सक्दैन भन्ने साधारण तथ्यलाई समेत हामीले बुझिरहेका छैनौं जस्तो छ । आज लोकप्रिय भएकाहरूले भोलि जनभावनाअनुसार कार्य गर्न सकेनन् भने उनीहरू पनि क्रमश: जनताको मनबाट टाढिँदै जान्छन् भन्ने तथ्य स्वीकार्नै पर्ने हुन्छ ।

जे होस्, निर्वाचनमार्फत हामीले हाम्रो अवस्था परिवर्तन गर्नुपर्छ । लहैलहैमा व्यवस्था परिवर्तन धेरै गरियो । यसको लागि सही नेतृत्व मात्र होइन, संविधान संशोधन गर्न सक्ने आधार पनि सुनिश्चित गरिदिनुपर्ने भएको छ । आज संविधान संशोधन अपरिहार्य भइसकेको छ । वर्तमान संविधानको केही व्यवस्थाहरूका कारणले मुलुकमा स्थायित्व प्रदान गर्न सक्दैन भन्ने देखिएको छ । तसर्थ संविधानलाई कुनरुपमा संशोधन गर्नुपर्छ भन्ने दलका कुन खाले धारणाहरू आउँछन् ?

त्यसलाई पनि विचार गर्नुपर्ने हुन्छ । यसपटकको निर्वाचनमा जनताले जनताको भावनालाई सम्मान गर्ने, मुलुकको भविष्यलाई सुनिश्चित गर्ने कुनै एक दललाई बहुमत नै प्रदान गर्ने गरेर मतदान गर्नुपर्दछ । निर्वाचनपछि मिलिजुली सरकार बनाउनुपर्ने अवस्था दोहोरियो भने त्यसले कुनै निकास दिँदैन । जनता फेरि निराश हुनुपर्ने हुन्छ, तसर्थ विवेक पुऱ्याएर मतदान गर्नु जनताको जिम्मेवारी बनेको छ ।

कुनै नेताले हिजो बारम्बार जनतालाई धोखा दिएका थिए र आज कुनै मुकुण्डो ओढेर जनताका सामु आएका छन् भने तिनलाई कुनै पनि हालतमा मतदान गर्नुहुँदैन । जाली, फटाहा र स्वार्थी जो भए पनि परास्त गर्नुपर्छ । सक्षम, इमानदारलाई जसरी भए पनि जिताउने लक्ष्य राख्नुपर्छ । पक्कै निर्वाचनमा मुकुण्डो भिरेर कैयौं व्यक्ति हाम्रो घर-आँगनमा मत माग्न आएका छन् र फेरि आउनेछन् । तिनको पहिचान हामीले गर्न सकेनौं भने हामी फेरि फस्नेछौं । अबको निर्वाचनमा जनता फेरि फस्नु भनेको मुलुकको भविष्य नै फस्नु हो । तसर्थ सचेत मतदाताको भूमिका हामीले निर्वाह गर्न सक्नुपर्छ । फागुन २१ गते नेपाली जनताको अग्निपरीक्षाको घडी हो, तसर्थ विवेकको प्रयोग गरौं, आत्मसम्मान जोगाऔं ।

*(स्रोत: न्यूज अफ नेपाल)*

# राष्ट्र, चेतना र अस्तित्व

✍सत्यराज जोशी

राष्ट्र केवल शासन प्रणालीले मात्र जीवित हुँदैन । न त राष्ट्र कुनै संविधानको अक्षर, कुनै संस्थाको भवन वा कुनै सत्ताको औपचारिक संरचनामा सीमित हुन्छ । राष्ट्र त साझा स्मृतिले बाँच्दछ, साझा पीडाले परिपक्व हुन्छ, साझा चेतनाले दिशा पाउँछ र साझा उत्तरदायित्वले सुरक्षित रहन्छ । त्यसैले होला हाम्रो वैदिक सनातन चिन्तनले राज्यलाई 'सहजीवनको धर्म'को रूपमा विवेचित गरेको छ । जहाँ शासक, जनता, भूगोल, संस्कृति, इतिहास, प्रणाली, विधिर चेतना एकअर्कामा गाँसिएर मात्र राष्ट्रको आत्मा जीवित रहन्छ । यही कारण राष्ट्रनिर्माण कुनै एक व्यक्ति, एक सरकार वा एक पुस्ताको काम होइन। यो त निरन्तर पुस्तागत उत्तरदायित्व हो । हरेक नागरिकको साझा अभिभारा हो ।

नागरिकको चेतनामा राष्ट्रको साझा बोध र जिम्मेवारी रोप्नु राष्ट्र निर्माणको सार हो । मानव विकासशास्त्रको इतिहासले पनि कुनै पनि समाज/राष्ट्र वा देशको पहिचान त्यो राष्ट्रको नागरिकको चेतनाको एकीकृत फलनले निर्धारण गर्ने विषय स्थापित गरेको छ । अर्थात् पाश्चात्य दार्शनिक प्लेटोको भने जस्तैह 'कुनै पनि राज्य रुख वा चट्टानबाट बन्दैन, बरु त्यो त्यहाँ बसोबास गर्ने मानिसको चरित्रबाट बन्दछ ।' अत: व्यवहारमा राष्ट्रप्रतिको निष्ठा, विचारमा स्वाधीनता, चरीत्रमा इमानदारीता र कर्ममा उत्तर दायित्व स्थापित भए देश निर्माण सम्भव हुन्छ । सत्य यही हो र सबैले यसलाई गहिरोसँग बुझ्न अब ढिला भइसकेको छ ।

**विश्व भूराजनीति : अस्थिरताको आँधीमा साना राष्ट्र**

आजको विश्व गहिरो भूराजनीतिक संक्रमणमा छ । दोस्रो विश्वयुद्धपछिको शक्तिसन्तुलन क्रमश: भत्किँदै गएको छ । रुस-युक्रेन युद्ध, मध्यपूर्वको निरन्तर द्वन्द्व, अमेरिकी प्रभाव क्षेत्रका टकरावहरू यी सबै केवल क्षेत्रीय घटना मात्र सिमित देखिन्नन् । बरु, विश्व शक्ति पुनर्संरचनाका संकेतका रुपमा देखिँदैछन् । दुर्भाग्यवश, विश्वका प्राय: सबै युद्धभूमिमा नेपालीको रगत बगिरहँदा हामी आफ्नै भूमिमा राष्ट्रबोधको गम्भीर संकट झेलिरहेका छौं । इतिहास साक्षी छ नेपाली सधैं विश्वशान्तिका लागि लडेका छन् । प्रथम, दोस्रो विश्वयुद्धदेखि रुस-युक्रेन युद्धसम्म हजारौं नेपालीजनले रगत-पसिना बगाए । गोर्खा सैनिकको साहस बेलायतदेखि सिङ्गापुर, अरबदेखि युरोप, भारतदेखि मध्यपूर्वसम्म इतिहासमा अंकित छ । तर आज प्रश्न उठ्छह जब हामी अरूका युद्ध लडिरहेका छौँ, के हामी आफ्नै राष्ट्र-चेतनालाई जोगाउन सफल भएका छौँ त ?

विश्व भूराजनीतिक क्षितिजमा पछिल्ला वर्षहरुमा बंगलादेश, श्रीलंका, म्यानमार, प्यालेष्टाइन, युक्रेनदेखि भेनेजुएलासम्म देखापरेका राजनीतिक, आर्थिक, वातावरणीय तथा सामाजिक संकटहरूले एउटा कठोर तर निर्विवाद सत्य उजागर गरेका छन् । त्यो होह जब अल्पविकसित र कमजोर क्षमता भएका राष्ट्रहरू आन्तरिक रूपमा खण्डित हुन्छन् तब उनीहरू बाह्य शक्ति, स्वार्थ र प्रभावको प्रयोगशाला बन्न धेरै समय लाग्दैन । क्षेत्रीय स्थिरताको आधार मानिएको सार्क क्षेत्रकै अधिकांश मुलुकहरू निरन्तर अस्थिरताको चक्रमा फसिरहनु र विश्व भूराजनीतिका दुई प्रमुख शक्तिकेन्द्रबीच "दुई ढुङ्गाबीचको तरुल" जस्तो संवेदनशील भूबनोटभित्र हाम्रो देश रहनु स्वयंले नै अब हामीलाई आत्ममुग्धताबाट बाहिर निस्केर गहिरो, इमानदार, सत्य आधारित र राष्ट्रियहित केन्द्रित आत्मसमीक्षा गर्न बाध्य पारिरहेको छ । नेपालजस्तो संवेदनशील भूराजनीतिक अवस्थाको देशका लागि यो चेतावनी झनै गम्भीर छ ।

राष्ट्रको आत्मरक्षा दर्शन यस्तो गम्भीर, तरल र निरन्तर अस्थिर बन्दै गएको विश्व भूराजनीतिक परिवेशमा नेपालजस्तो सानो तर अत्यन्त संवेदनशील राष्ट्रको दीर्घकालीन अस्तित्व कुनै तात्कालीक नारा, आयातित वैचारिक प्रयोग वा क्षणिक भावनात्मक उन्मादबाट सुरक्षित हुन सक्दैन भन्ने सत्य अब बहसको विषय रहेन । यो एक निर्विवाद ऐतिहासिक निष्कर्षका रूपमा स्थापित भइसकेको छ । यस्तो अवस्थामा राष्ट्रको संरक्षण र भविष्यको सुनिश्चितताका लागि सबै नेपालीजनले क्षणिक राजनीतिक आग्रहभन्दा माथि उठेर दीर्घकालीन राज्यदर्शनको अवलम्बन गर्नैपर्ने निर्णायक घडी आइपुगेको अवस्था हाम्रासामु छ । राष्ट्रको आत्मबोधबाट निर्देशित, इतिहासद्वारा परीक्षित र यथार्थका कठोर पाठहरूले प्रमाणित स्पष्ट मार्गको पहिचान गरी त्यसै मार्गमा दृढतापूर्वक अघि बढ्नु अब विकल्पको प्रश्न होइन । यो हाम्रो विकल्पहीन धरातलीय बाध्यता हो । विचारधारात्मक आग्रह वा राजनीतिक पूर्वाग्रह जुनसुकै कोणबाट व्याख्या-विश्लेषण गरिए पनि राष्ट्रको अस्तित्व, स्वाधीनता र सन्तुलनका लागि अब राष्ट्र निर्माता पृथ्वीनाराण शाहले कोरेको मार्गमा हामी हिँड्नै पर्छ ।

यहाँ स्पष्ट बुझ्नुपर्ने कुरा के हो भने, पृथ्वीपथ कुनै राजनीतिक वाद होइन । यो कुनै दलगत विचारधारा पनि होइन । न त कुनै शासन प्रणालीको सैद्धान्तिक बहस यसका विषय हुन् । बरु यसले कोरेको दृष्टि नेपाल राष्ट्रको आत्मरक्षा कवच/दर्शनको रुपमा देखिएको छ । स्वाधीनता, सन्तुलित/असंलग्न तर विवेकपूर्ण कूटनीति, आन्तरिक एकता, माटो आधारित अर्थतन्त्र, सामाजिक चरीत्रमा इमानदारीता र आत्मनिर्भर राष्ट्रिय चेतनाको समग्र दृष्टि यसका मार्गनिर्देशक सिद्धान्त हुन् । खासमा "दुई ढुंगाबीचको तरुल" भन्ने पृथ्वीनारायण शाहको उपमा कुनै भावुक चेतावनी वा कमजोर मनोबिम्ब थिएन । बरु, त्यो त समयभन्दा धेरै अगाडि गरिएको भूराजनीतिक यथार्थको गहिरो, वैज्ञानिक र रणनीतिक विश्लेषण थियो भनेर पुन: पुष्टि हुँदै गएको छ ।

पृथ्वीनारायण शाहले कोरेको मार्गलाई क्षणिक राजनीतिक उत्तेजनाको चस्माबाट हेर्नु विचारको दरिद्रतामात्र होइन, त्यो इतिहास माथिको सरलीकृत हिंसा पनि हो । किनकी, यसको धरातल कल्पित घोषणापत्रमा होइन, सभ्यताको दीर्घ स्मृतिबाट उदाएको राष्ट्रिय आत्मबोधको निनादमा भेटिन्छ । यसलाई संकुचित वैचारिक खेमामा थुन्न खोज्नु भनेको हामीले आफ्नै आत्मचेतनालाई आरोपित व्याख्याको कारागारमा बन्द गर्नु सरह हो । उहाँले कोरेको मार्ग सत्ता-संरक्षणको आग्रह होइन, राष्ट्र संरक्षणको अन्तर्दाह भेटिन्छ । त्यसैले, पृथ्वीनारायण शाह कुनै दल विशेष वा विचार वादका राजा होइनन्, उनी सम्पूर्ण देश निर्माणका ऐतिहासिक नेतृत्वकर्ता हुन् । देशलाई साझा फूलबारी ठान्ने उहाँले कोरेको मार्गको अनुसरण गर्नु अपराध होइन, बरु हरेक नेपालीले इतिहासप्रति देखाउनुपर्ने विवेक, राष्ट्रप्रति व्यक्त गरिने उत्तरदायित्व र भावी पुस्ताप्रति गरिने जिम्मेवार संकल्प हो भनेर हामीले बुझ्नुपर्छ । वर्तमान नेपालको राजनीतिक अवस्थालाई नियाल्दा देश नियमित र सुरक्षित अवस्थामा छ भन्न सकिने अवस्था छैन । भाद्र २३ र २४ पछि उत्पन्न संकट अझ इतिहासमा अविश्वसनीय र चिन्ताजनक छ । पटक-पटक खण्डित जनादेश, अस्थिर सरकार, कमजोर संस्थागत क्षमता र नागरिकमा बढ्दो निराशाले राष्ट्रको आधारभूत संरचना नै हल्लाइरहेको छ । यस्तो अवस्थामा इतिहाससँग संवाद नगरी, राष्ट्रको आत्मासँग पुन: संवाद नगरी केवल तात्कालिक राजनीतिक गणनाबाट भविष्य सुरक्षित हुन्छ भन्ने सोचियो भने त्यो भ्रम झन् घातक हुनेछ । यस्तो संवेदनशील घडीमा पृथ्वीनारायण शाहको राष्ट्रिय एकताको भावलाई इन्कार गर्ने छुट अब हामीलाई छैन ।

यही मार्गको अनुसरणले हामीसँग अंग्रेजलाई परास्त गरेको इतिहास छ । साम्राज्यवादी युगमा पनि स्वाधीनता जोगाएको गौरवगाथा छ । हामीले कसरी यो देशको अस्तित्व र हाम्रो पहिचान जोगाएको थियौं ? एकछिन सोचौ त ! उनीहरूसँग तोप थियो, आधुनिक हतियार थिए तर हामीसँग खोला थुनेर भए पनि शत्रु परास्त गर्ने अदम्य साहस थियो । हाम्रो हतियार कहिल्यै आधुनिक बन्दुक वा हतियार थिएन । हाम्रो शक्ति नै आपसी विश्वास, एकता र स्वाभिमान थियो । त्यसैले: आज नेपाललाई परदेशी सोचले होइन, स्वदेशी चेतनाले हेर्ने समय आएको छ । इतिहासबाट मार्गदर्शन लिएर भविष्य सुरक्षित गर्नु नै बुद्धिमता हो भनेर बुझ्नुपर्छ । हिंसा होइन चेतना : राष्ट्र निर्माणको मूल प्रश्न गत भाद्र २३ र २४ पछि देशको अवस्था झन् गहिरो जर्जरतामा धकेलिएको छ ।

जेन-जेड पुस्ताको शान्तिपूर्ण आन्दोलन भनिए तापनि त्यसपश्चातका विकसित घटनाक्रम र राष्ट्रिय परिस्थितिले हामी सबैको सामु एउटा असहज तर अनिवार्य प्रश्न उभ्याएको छ हामी वास्तवमै कुन दिशातर्फ अग्रसर हुँदैछौं ? चेतनाको पुनर्जागरण भनिएको युवापुस्ताको आन्दोलनमा समेत आगजनी, लुटपाट र राज्यका आधारभूत संस्थामाथि प्रहार गरिन्छ भने त्यो जागरण होइनह त्यो राष्ट्रको आत्मामाथि गरिएको आघात हो । यो कटु सत्य हो, जसलाई आँखा चिम्लेर बेवास्ता गर्न सकिंदैन । एक नेपालीले अर्को नेपालीको घर वा सार्वजनिक सम्पत्तिमा आगो लगाउँदा कुनै क्रान्ति जन्मिँदैन । अदालत, संसद, विद्यालय वा अस्पताल जस्ता सभ्यताको स्तम्भहरू ध्वस्त पारेर राष्ट्र निर्माण भएको इतिहास विश्वमा पनि कहीँ छैन । हिंसा र विनाशले क्षणिक उन्माद सिर्जना गर्न सक्छ, तर दीर्घकालमा केवल अविश्वास, भय र विखण्डनको बीउ मात्र रोप्छ । अत: यी समस्याहरू हाम्रा आन्तरिक समस्याहरू हुन् र यसको समाधान पनि आन्तरिकै हुनुपर्छ ।

*क्रमश: पृष्ठ-३....*

# विश्वकपमा नेपाल: जस्तो तयारी, त्यस्तै प्रदर्शन




काठमाडौं/तेस्रो पटक टी-२० विश्वकप क्रिकेट खेल्न जाँदै गर्दा धेरैको अपेक्षा थियो-नेपालले कम्तीमा समूह चरणका २ खेल जित्छ । नेपाली टोली त सुपर ८ सम्म पुग्ने लक्ष्य लिएरै भारत पुगेको थियो । अपेक्षालाई बल पुग्ने गरी नेपाली टोलीले पहिलो खेलमा इंग्ल्यान्डविरुद्ध उत्कृष्ट प्रदर्शन गऱ्यो । इंग्ल्यान्डसँग ४ रनले पराजित भए पनि विश्व क्रिकेट जगतमा नेपालको चर्चा भयो ।

तर, त्यो चर्चा धेरै दिन टिकेन । दोस्रो खेलमा टिम नेपाल तुलनात्मक रूपमा आफूभन्दा कमजोर मानिएको इटालीसँग निरीह बन्न पुग्यो । उक्त खेलमा फराकिलो हार बेहोरेसँगै नेपालको सुपर-८ मा पुग्ने योजनामा तुषारापात लाग्यो नै, थप कम्तीमा दुई खेलमा जित निकाल्ने योजनामा समेत धक्का लाग्यो । भारतसँगको विवादका कारण बंगलादेश नखेल्दा स्कटल्यान्डले विश्वकप खेल्ने मौका पाएको थियो । बंगलादेशको ठाउँमा स्कटल्यान्ड आउँदा नेपाललाई दुई खेल जित्न कठिन पनि थिएन । स्कटल्यान्ड नेपालकै स्तरको थियो भने इटाली नेपालभन्दा तुलनात्मक रूपमा कमजोर । तर, नेपालले त्यसको फाइदा उठाउन सकेन । इटालीसँग १० विकेटले हारेको नेपाल टेस्ट राष्ट्र इंग्ल्यान्ड र वेस्ट इन्डिज पराजित भयो । स्कटल्यान्डसँगको अन्तिम खेल जितेर नेपाल घर फर्कियो ।

### थिएन पर्याप्त तयारी

नेपालले गत असोजमा भएको आईसीसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया पेसिफिक छनोटअघि टेस्ट राष्ट्र वेस्ट इन्डिजसँग ऐतिहासिक सिरिज खेल्यो । ३ खेलको टी-२० सिरिजमा २ खेलमा जित निकाल्दै वेस्ट इन्डिजविरुद्धको ऐतिहासिक सिरिज नेपालले आफ्नो पक्षमा पाऱ्यो ।

त्यसपछि नेपालले विश्वकपको एसिया तथा इस्ट एसिया छनोट खेल्यो । छनोटअघि वेस्ट इन्डिजविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको नेपालले आत्मविश्वास छनोटमा देखायो । छनोटमा शतप्रतिशत नतिजा निकाल्दै नेपालले उपाधि जित्यो र विश्वकपमा छनोट भयो । नेपाल क्रिकेट संघ क्यानले विश्वकप अघि पनि कुनै टेस्ट राष्ट्रसँग सिरिज खेल्ने बताउँदै आएको थियो । तर सफल हुन सकेन । नेपाल प्रिमियर लिग (एनपीएल), श्रीलंका र भारतका घरेलु टिमसँगका केही खेललाई क्यानले विश्वकपको तयारीको रूपमा खुम्च्यायो । विश्वकपअघि क्यानले टेस्ट राष्ट्र त परैको कुरा, आफ्नो स्तरका राष्ट्रसँग पनि सिरिज खेल्ने अवसर खेलाडीलाई दिएन ।

विश्वकपमा नेपाललाई हराएको इटालीले विश्वकपअघि टी-२० वरीयतामा आफूभन्दा १४ स्थान माथि रहेको आयरल्यान्डसँग सिरिज खेल्यो । नेपालको स्तरमा रहेको नेदरल्यान्ड्सले टेस्ट राष्ट्र बंगलादेशसँग सिरिज खेल्दै विश्वकपको तयारी गऱ्यो । विश्वकप अघि यूएईका खेलाडीले आफूभन्दा ५ स्थान माथि रहेको आयरल्यान्डसँग सिरिज खेल्ने अवसर पाए । तर नेपालले श्रीलंकाको 'ए' टिम र भारतको स्थानीय टिमसँगको केही अभ्यास खेललाई विश्वकपको तयारीको रूपमा लियो । जसको नतिजा विश्वकपमा देखियो ।

विश्वकपका वार्मअप खेलहरूमा पनि नेपालले ठूला देशहरूसँग प्रतिस्पर्धा गर्न पाएन । विश्वकपमा नेपालले हराएको स्कटल्यान्डले टेस्ट राष्ट्र अफगानिस्तानसँग वार्मअप खेल्ने अवसर पायो । ओमन र नेदरल्यान्ड्सले टेस्ट राष्ट्र जिम्बाब्वे र अमेरिकाले न्युजिल्यान्डसँग वार्मअप खेल्दा नेपालले यूएई र क्यानडासँग चित्त बुझायो ।

विश्वकपअघि ठूला राष्ट्रहरूसँगको भेटले आत्मविश्वास मात्रै बढाउँदैन, प्रेसरलाई थेगेर खेल्ने साहस पनि प्रदान गर्छ भन्ने कुरा नेपालले विश्वकप छनोटमा देखाइसकेको थियो । ठूला राष्ट्रहरूसँगको अनुभवको कमी नेपाली टिमको इंग्ल्यान्डसँगको खेलमा देखियो । नेपाललाई जितका लागि अन्तिम ओभरमा १० रन आवश्यक थियो । जुन टी-१० क्रिकेटमा सामान्य मानिन्छ । त्यहाँ नेपाल चुक्न पुग्यो र ऐतिहासिक जित नजिक पुगेर ४ रनको नमिठो हार बेहोर्नुपऱ्यो ।

विश्वकपका लागि नेपालको तयारी जुन रूपमा हुनुपर्ने त्यो नभएको क्यानका एक सदस्य बताउँछन् । पर्याप्त तयारी भएको भए नेपालको नतिजा फरक हुने उनको तर्क छ । 'विश्वकप तयारीका लागि आईसीसीले ५ लाख डलर दिन्छ । जुन रूपमा हामीले तयारी गर्नुपर्थ्यो, त्यो हुन सकेन । तयारीमा हामी चुकेकै हो,' ती सदस्यले भने, 'क्यानले थप तयारी गर्नुपर्थ्यो ।'

### डेथ ओभर सधैंको समस्या

नेपाली क्रिकेटमा सधैं याद आउने कुरा हो- दक्षिण अफ्रिकासँगको एक रनको हार । नेपालले सन् २०२४ मा भएको टी-२० विश्वकपको समूह चरणमा दक्षिण अफ्रिकाविरुद्ध अन्तिम बलमा चुक्दा एक रनको नमिठो हार बेहोरेको थियो । समर्थकले बिर्सन नसक्ने अर्को हार यो विश्वकपमा पनि थपिएको छ-इंग्ल्यान्डसँगको ४ रनको पराजय । धेरैले इंग्ल्यान्डविरुद्ध नेपालको जित हुन्छ भनेर सेलिब्रेसन गर्न थालिसकेका थिए । तर अन्तिममा रन जोड्न सकेन र पराजित भयो । यसमा पनि ठूला टिमसँग प्रेसर थेगेर खेल्ने अनुभवको कमी देखियो ।

सोही खेलको बलिङको डेथओभरमा नेपाल सम्हालिन सकेन । इंग्ल्यान्डले अन्तिम ३ ओभरमा ४५ रन जोड्यो । जुन नेपालको पुरानो समस्या हो । पछिल्लो ४-५ वर्षदेखि नेपालले यो समस्या भोग्दै आएको छ । तर समस्या समाधान र विकल्प खोज्नेतर्फ खासै ध्यान दिएको देखिँदैन । जसका कारण नेपाल हारको नतिजा स्वीकार्न बाध्य छ ।

सर्ट सेलेक्सनमा पनि नेपाल चुक्न पुग्यो । जुनसुकै बलमा पनि एकै प्रकारको सर्ट हान्न खोज्ने र क्याच आउट हुने नियति यस पटक पनि दोहोरियो । प्रेसरमा एक-दुई रन लिएर विकेट होल्ड गर्ने धैर्यता नेपाली खेलाडीले राखेनन् । त्यसमा नेपाली टोलीका कन्सल्ट्यान्ट प्रशिक्षक निक पोथसले असन्तुष्टि पोखे । 'हामीसँग ड्रेसिङ रुममा धेरै सिप छ । तर दुर्भाग्यवश हामी छिटो सिकिरहेका छैनौं,' उनले भने, 'एउटै गल्ती पटक-पटक दोहोऱ्याउनु हुँदैन ।'

सन् २०१३ देखि नेपाली टोलीका क्रिकेट विश्लेषक (एनालिस्ट) का रूपमा रमन शिवाकोटीले काम गर्दै आएका छन् । टेस्ट तथा बलिया राष्ट्रहरूले कोचसहित सबै टिम मुख्य प्रशिक्षकको रोजाइमा राखेका हुन्छन् । नेपालमा भने २०१३ पछि आएका मुख्य प्रशिक्षकले रमनसँगै काम गर्नुपरेको छ ।

एनालिस्टको काम आफ्नो टिमको कमजोरी र बलिया पक्ष पत्ता लगाउनु, विपक्षी खेलाडीको कमजोरी केलाउनु र अवस्थाअनुसार गेम प्लान बनाउनु हो । तर पछिल्लो समय नेपाल एउटै गल्ती पटकपटक दोहोऱ्याइरहेको छ । त्रुटि केलाएर समाधान गर्ने एनालिस्टको जुक्तिले काम नगरेको हो या त्रुटि केलाउनै नसकिएको हो, त्यो प्रशिक्षकले थाहा पाउने कुरा हो ।

अन्य धेरै देशका खेलहरू फरकफरक मैदानमा थियो । संयोग भनौं या आईसीसीको नियत, नेपालका समूह चरणका ४ वटै खेल भारतको मुम्बईस्थित वानखेडे स्टेडियममा थियो । आईसीसीका अनुसार नेपाल र इंग्ल्यान्डको खेलमा १९ हजार ३६९ दर्शक स्टेडियममै पुगेर खेल हेरेका थिए ।

त्यसपछिका नेपालका खेलमा पनि उत्तिकै मात्रामा दर्शक उपस्थित थिए । त्यसमा अधिकांश नेपाली समर्थक थिए । नेपाली समर्थकको साथका कारण नेपाली खेलाडीलाई घरेलु मैदानमा खेले जस्तो भएको थियो । एउटै मैदानमा खेल्न पाएको नेपालले त्यसको फाइदा भने उठाउन सकेन ।

### प्रशिक्षकले देखाउन खोजेको क्यानको व्यवस्थापन

इटालीसँगको हार क्रिकेट समर्थकलाई मात्र होइन, प्रशिक्षकलाई पनि अस्वाभाविक लाग्यो । बलियो राष्ट्र इंग्ल्यान्डविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको नेपाली टोलीले नवप्रवेशी इटालीविरुद्ध फितलो प्रदर्शन गरेपछि मुख्य प्रशिक्षक स्टुअर्ट ल असन्तुष्ट बने ।

इंग्ल्यान्डसँगको प्रदर्शन पछि विश्वकप क्रिकेटमा नेपाली क्रिकेट र खेलाडीको उच्च प्रशंसा भयो । उक्त प्रशंसामा प्रफुल्लित भएर खेलाडीले इटालीविरुद्ध राम्रो प्रदर्शन नगरेको भान प्रशिक्षक ललाई भयो । त्यसपछि उनले सामाजिक सञ्जालले धेरै असर गर्ने र त्यसमा भन्दा खेलमा केन्द्रित हुन सांकेतिक रूपमा खेलाडीलाई आग्रह गरे ।

'नेपालमा सामाजिक सञ्जाल एउटा ठूलो हिस्सा हो भन्ने म बुझ्छु । मेरो लागि सामाजिक सञ्जाल ठूलो डिस्ट्राक्सन हुनसक्छ' उनले भने, 'यदि हामी टोलीको आवश्यकता र खेलभन्दा बढी सामाजिक सञ्जालमा मानिसहरूले के भनिरहेका छन् भन्ने कुरामा ध्यान दिन्छौं भने, हामी आफ्नो कामबाट विचलित हुन्छौं ।'

क्यानले नेपालको फरक प्रतियोगितामा फरकफरक व्यवस्थापक पठाउँछ । जिल्ला, प्रदेश र केन्द्रबाट सबैलाई समेट्ने गरी क्यानले फरकफरक व्यक्ति व्यवस्थापकको रूपमा पठाइराखेको हुन्छ । जसलाई कन्सल्ट्यान्ट प्रशिक्षक निक पोथसले असहमति प्रकट गरे । उनले पटकपटक व्यवस्थापक परिवर्तन हुँदा ड्रेसिङ रूममा असर गरेको उल्लेख गरे ।

(स्रोत: अनलाइनखबर)

मध्यवर्ती क्षेत्रका समस्याको दिगो समाधान पहिलो प्राथमिकता

# महेश बर्तौलाको १० बुँदे प्रतिबद्धतापत्र सार्वजनिक




हेटौंडा, ७ फागुन/ फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा मकवानपुर-२ बाट उम्मेदवार बनेका महेशकुमार बर्तौलाले १० बुँदे प्रतिवद्धतापत्र सार्वजनिक गरेका छन् ।

बिहीबार सामाजिक सञ्जाल फेसबुकमार्फत् उनले आउँदो निर्वाचनमा आफ्ना १० बुँदे प्रतिवद्धता सार्वजनिक गरेका हुन् । बर्तौलाले मध्यवर्ती क्षेत्रका समस्याको दिगो समाधानलाई पहिलो प्राथमिकतामा राखेका छन् । भूमि समस्या समाधानका लागि कानूनी सुनिश्चितता, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा न्यायोचित क्षतिपूर्ति र मध्यवर्ती क्षेत्रको सीमाना हेरफेरका विषयमा आवश्यक पहल गर्ने उनको प्रतिवद्धता छ । पूर्वाधार विकासअन्तर्गत खानेपानी, सिंचाइ, कृषि तथा सञ्चार पूर्वाधार विस्तार, बस्ती संरक्षण तटबन्धन, सडक र पुल निर्माणलाई प्राथमिकता दिइने उल्लेख गरिएको छ ।

विशेषगरी रुपचन्द्र विष्ट मार्ग (मनहरी-राक्सिराङ-कैलाश-थाहा जोड्ने सडक) को निर्माण तथा स्तरोन्नतिमा पहल गरिने उल्लेख गरिएको छ । स्वास्थ्य सेवामा नागरिकको सहज र सरल पहुँच स्थापना गर्ने योजना अघि सारिएको छ । कृषिक्षेत्र सुदृढीकरणका लागि दुग्धजन्य र मासुजन्य उत्पादनको बजार विस्तार गर्दै 'खोरेतमुक्त मकवानपुर' अभियान सञ्चालन गरिने, वन्यजन्तुबाट हुने बाली क्षतिमा न्यायोचित क्षतिपूर्ति तथा नियन्त्रणका लागि कानूनी र संरचनागत व्यवस्था गरिने प्रतिवद्धता सार्वजनिक गरिएको हो । सहकारी, कृषि र वनस्रोतको परिचालनमार्फत रोजगारी तथा स्वरोजगार सिर्जना गर्ने योजना अघि सारिएको छ ।

शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा 'एक पालिका-एक आवासीय विद्यालय' अवधारणाअनुसार शैक्षिक पूर्वाधार विकास, 'पढ्दै कमाउँदै' कार्यक्रमको नीतिगत सुनिश्चितता, युवा-विद्यार्थीसँग संसदीय संवाद कार्यक्रम सञ्चालन तथा मनहरीमा मदन भण्डारी क्षेत्रीय रंगशाला निर्माणमा पहल गरिने उल्लेख गरिएको छ । युवाउद्यम प्रवर्द्धन, स्टार्टअप कर्जा सहजता र कर्जाको सीमा वृद्धि गर्न प्रतिवद्ध रहेको बर्तौलाले बताए । कानून तथा नीति निर्माण प्रक्रियामा जनसहभागिता सुनिश्चित गर्ने, विभिन्न जाति, जनजाति, सीमान्तकृत समुदाय, महिला, दलित तथा अपाङ्गता भएका व्यक्तिको अधिकार, ज्ञान, सीप र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने प्रतिवद्धता पनि सार्वजनिक गरिएको छ ।

जनताका विकास आयोजनालाई सम्बोधन गर्न संसदीय निर्वाचन क्षेत्र विकास कार्यक्रम लागू गर्न पहल गरिने, राक्सिराङ-कैलाश गाउँपालिकामा 'समृद्धि विशेष कार्यक्रम' सञ्चालन तथा थाहा, इन्द्रसरोवर र भीमफेदी गाउँपालिका समेटेर उत्तरी मकवानपुरमा पर्यटन सर्किट निर्माण गरिने योजना अघि सारिएको छ । देशव्यापीरुपमा बढ्दो लागूऔषध दुर्व्यसन न्यूनीकरणका लागि कानूनी तथा संरचनागत सुधारसहित अभियान सञ्चालन गर्ने र स्थानीय, प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी मकवानपुरमा उद्योगधन्दा सञ्चालनका लागि लगानीमैत्री वातावरण निर्माण गर्ने उम्मेदवारको भनाइ छ ।

बर्तौलाले समृद्ध, सुरक्षित र अवसरयुक्त मकवानपुर-२ निर्माणका लागि आफूलाई जिताउन मतदातासँग आग्रह गरेका छन् । बर्तौला २०७९ को प्रतिनिधिसभा निर्वाचनमा यसै क्षेत्रबाट पहिलोपटक संसदीय निर्वाचनमा होमिएका थिए । त्यतिबेला सत्ता गठबन्धनका साझा उम्मेदवार विरोध खतिवडालाई ४ हजार ५२० मतान्तरले पराजित गर्दै विजयी भएका उनी दोस्रोपटक निर्वाचनमा होमिएका हुन् । आगामी निर्वाचनमा यसक्षेत्रमा उनी सहित २१ उम्मेदवार चुनावीमैदानमा छन् ।

एमालेको घोषणापत्र:

# १० जीबी नि:शुल्क डाटादेखि २५ हजारसम्मको ऋण मिनाहा

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ नेकपा (एमाले) ले आगामी निर्वाचनका लागि सार्वजनिक गरेको घोषणापत्रमा युवा स्वरोजगार, महिला सशक्तीकरण, श्रमिक कल्याण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाक्षेत्रलाई विशेष प्राथमिकता दिएको छ ।

पार्टीले युवापुस्तालाई डिजिटल तथा उद्यमशीलतामा जोड्ने, वैदेशिक रोजगारीमा रहेका नेपालीको सम्मान गर्ने, किशोरी तथा महिलाको स्वास्थ्य र आर्थिक सशक्तिकरण गर्ने जस्ता महत्वाकांक्षी प्रतिवद्धता अघि सारेको छ । एमालेले १८ देखि २८ वर्ष उमेर समूहका युवालाई एक वर्षसम्म हरेक महिना १० जीबी इन्टरनेट डाटा नि:शुल्क उपलब्ध गराउने घोषणा गरेको छ ।

सूचनाप्रविधि क्षेत्रमा स्टार्टअप तथा अनलाइन कारोबार प्रवर्द्धन गर्न युवालाई प्रतिव्यक्ति १० हजार अमेरिकी डलर बराबरको बैंक कार्ड उपलब्ध गराउने एमालेको एजेण्डा छ । यसले एआई, कन्टेन्ट क्रिएसन, डिजिटल मार्केटिङ, एप विकास जस्ता क्षेत्रमा तालिम तथा सेवा उपयोग सहज बनाई १० लाख युवालाई स्वरोजगारतर्फ उन्मुख गराउने लक्ष्य एमालेको छ । विदेशमा नेपाली उद्यमीले कम्पनी स्थापना तथा विदेशी कम्पनीमा सेयर खरिदलाई थप सहज बनाउने घोषणा पनि एमालेले गरेको छ ।

वैदेशिक रोजगारी र सामाजिक सुरक्षातर्फ वैदेशिक रोजगारीमा रहेका श्रमिकको बैंक खातामा वार्षिक ५ हजार रुपैयाँ थपगर्ने, वैदेशिक रोजगारीमा जाने सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा निरन्तरता दिने प्रबन्ध गर्ने एमालेको घोषणा पत्रमा समेटिएको छ । शिक्षा तथा विद्यार्थीका लागि एमालेले प्राविधिक धारमा उच्चशिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई २० लाखसम्म निर्व्याजी ऋण उपलब्ध गराउने, सरकारी सेवा, निजी क्षेत्र तथा अध्यापन क्षेत्रमा न्युनतम पारिश्रमिकसहितको इन्टर्नसिपको व्यवस्था गर्ने, सबै विद्यालयका किशोरीलाई नि:शुल्क प्याड उपलब्ध गराउने, कक्षा १० सम्मका विद्यार्थीलाई दिवाखाजाको प्रवन्ध गर्ने एमालेको घोषणापत्रमा छ ।

श्रमिक, शिक्षक तथा स्वास्थ्य स्वयंसेविकाको कल्याणतर्फ केही महत्वपूर्ण घोषणा एमालेले गरेको छ । सबै श्रमिकको न्युनतम मासिक पारिश्रमिक २५ हजार पुऱ्याउने, सीप तथा उत्पादकत्व बढाउने कार्यक्रमसँगै नियमित/अनौपचारिक सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्ने, सामुदायिक तथा निजी विद्यालयका सम्पूर्ण शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गरी शिक्षकको मर्यादाक्रम तोक्ने, स्वास्थ्य स्वयंसेविकालाई वार्षिक भत्ता बढाएर २० हजार पुऱ्याउने र सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्ने एमालेले घोषणा गरेको छ ।

महिला सशक्तिकरण तथा मातृशिशु संरक्षणतर्फ एमालेले महिला उद्यमशीलता विकास गर्न २० लाखसम्म निर्व्याजी ऋण सुविधा सहजरुपमा उपलब्ध गराउने, व्यवसाय तथा ऋणको नि:शुल्क बीमा व्यवस्था, गर्भवती महिलालाई घरदेखि स्वास्थ्य संस्थासम्मको यातायात खर्च दोब्बर गर्ने, सुत्केरी हुने महिलालाई प्रतिजन्म २० हजार मातृशिशु पोषण भत्ता दिने, गर्भवती महिलाका लागि ५ लाखसम्मको नि:शुल्क जीवन बीमा गर्ने एमालेको घोषणापत्रमा समेटिएको छ । गरीब परिवार तथा सुरक्षाकर्मीको राहतको घोषणा एमालेले गरेको छ ।

राज्यद्वारा गरीब परिवारको रुपमा पहिचान भएका घरपरिवारले २०८२ भदौसम्म लिएको २५ हजार सम्मको ऋण मिनाहा गर्ने, यस्ता परिवारलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्ने, बहालवाला तथा अवकाशप्राप्त सुरक्षाकर्मीको सम्मान, सेवासुविधा, सामाजिक सुरक्षा, स्वास्थ्योपचार, सीप विकास तथा सम्मानजनक जीवनयापन सुनिश्चित गर्ने एमालेले घोषणा गरेको छ ।

# राष्ट्र, चेतना र...

उत्तर अब कुनै एउटा पक्षको आवेग, प्रतिशोध वा उत्तेजनामा होइन, सामूहिकतामा खोजिनुपर्छ । सर्वोच्च अदालत, सिंहदरबार, कारागार वा निजी संरचनासँग नेपालीले के व्यक्तिगत वैर राख्थे र ती निसानामा परे ? एकछिन गम्भीर भएर विचार गरौं त । राष्ट्रको भविष्य निर्धारण गर्ने युवापुस्ता त्यसमा पनि विद्यार्थी नै यस्तो क्रियाकलापमा संलग्न हुन्छन् भने त्यो केवल आन्दोलनको स्वरूपमात्र नभई हाम्रो शिक्षा प्रणाली, सामाजिक संस्कार र समाजको चेतमाथि गम्भीर प्रश्नचिह्न उभ्याउने विषय होइन र ?

देश निर्माणको आधार स्तम्भको रूपमा रहने युवापुस्ता नै पुनर्निर्माण छोडेर आगो समात्छ तिर लाग्छ भने यो हाम्रो शिक्षा प्रणाली र समाजमा गहिरो विकृति प्रवेश गरिसकेको स्पष्ट संकेत हो । हामीलाई आगो बाल्न सिकाउने शिक्षा होइन, राष्ट्र निर्माणको विवेक र चेतना आवश्यक छ । किनकि अन्तत: राष्ट्रहरू नाराले होइन, चेतनाले बाँच्छन् र यही चेतनाको पुनर्स्थापनामा आजको नेपालको वर्तमान र भोलिको भविष्य निर्भर छ ।

### साँचो प्रजातन्त्र: बी.पी.को राष्ट्रिय मेलमिलाप र पृथ्वीपथको संगम

नेपाल आज केवल आर्थिक र शासकीय संकटको मात्र सामना गरिरहेको छैन । यो राष्ट्र स्वयं आफ्नो ऐतिहासिक दृष्टि र वैचारिक दिशाबोध गुमाएको गम्भीर संकटको डिलमा उभिएको छ । जब कुनै राष्ट्रले आफ्नो मार्गदर्शक दर्शन बिर्सन्छ तब राजनीति लक्ष्यहीन बन्छ र जनता निराशाको गर्तमा धकेलिन्छन् । यही दिशाहीनताको घडीमा इतिहासले हामीलाई दुई महान् वैचारिक धरोहर स्मरण गराइरहेको छ ती हुन्, बी.पी. कोइरालाको राष्ट्रिय मेलमिलापको मार्ग र पृथ्वीनारायण शाहको राष्ट्र निर्माणको गन्तव्य ।

युग फरक भए पनि यी दुई विचारको अन्तिम ध्येय एउटै हो राष्ट्रको अस्तित्व, स्वाधीनता, आन्तरिक एकता, साझा समुन्नती र दीर्घकालीन स्थायित्व । स्मरण रहोस्, बी.पी. कोइरालाले मेलमिलापको आह्वान गर्दा कुनै राजनीतिक सौदाबाजी प्रस्ताव गरेका थिएनन् । उहाँले इतिहासको कठोर यथार्थ बुझेका थिए ।

निरन्तर वैचारिक टकरावले राष्ट्र कमजोर बनाउँछ भन्ने उनले बुझेका थिए । मेलमिलापले राष्ट्रलाई बाँच्ने शक्ति दिन्छ भन्ने आट र दृष्टि उहाँमा थियो । मेलमिलाप घुँडा टेक्नु होइन, राष्ट्रलाई सर्वोपरि राख्नु हो भन्ने गहिरो दार्शनिक सत्य आज बी.पी.को नाममा राजनीति गरेर जीविकोपार्जन गर्नेहरूले सम्झने कि बिर्सने भन्ने प्रश्नमै नेपाली कांग्रेसको मात्र होइन देशको भविष्य निर्भर छ ।

त्यसैगरी पृथ्वीनारायण शाहको "पृथ्वीपथ" केवल भौगोलिक एकीकरणको परियोजना वा राज्य विस्तारकोरुपमा मात्र बुझ्नु हुन्न । कम्तिमा राजनीति गर्छु भन्ने नयाँ-पुराना सबैले बरु त्यो त नेपाल भित्रका विविध जाति, भाषा, भूगोल र हितलाई एउटै राष्ट्रिय चेतनामा बाँध्ने ऐतिहासिक दृष्टिपथ थियो भनेर बुझ्नैपर्छ । तर आजको नियती के छ भने नेपाली कांग्रेसले बी.पी.को नाम उच्चारण गर्छ, तर उहाँको राष्ट्रिय मेलमिलापको आत्मालाई क्रमश: विस्मृत गर्दै विभाजन, निषेध र बिग्रह केन्द्रित राजनीतिमा फँसिरहेको छ ।

गुटमा विभक्त हुँदै विचारभन्दा पदलाई, राष्ट्रभन्दा आन्तरिक शक्ति-सन्तुलनलाई प्राथमिकता दिँदा कांग्रेस स्वयं दिशाहीन बन्दै गएको छ । यो यथार्थ हो । कस्तुरी आफैंभित्र हुन्छ, तर मृग मृगतृष्णाको पछि लाग्छ ।

(साभार: अनलाइनखबर)

# निर्वाचन सुरक्षा: उपत्यकाबाट १५ हजार थप जनशक्ति खटिँदै, झापामा कार्यदलको टोली

काठमाडौं/निर्वाचन सुरक्षाका लागि सशस्त्र प्रहरी बलको प्रधान कार्यालय हल्चोकले एक हजार ६०० जनशक्ति उपत्यका बाहिरका जिल्लाहरूमा खटाएको छ । २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचन सुरक्षाका लागि बिहीबार हल्चोकबाट उक्त जनशक्ति बाहिरी जिल्लामा खटाइएको हो । यी टोली कोशी प्रदेश, मधेश प्रदेश र गण्डकी प्रदेशका लागि खटिएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापा बताउँछन् ।

यस बाहेक र काठमाडौं उपत्यकाबाट निर्वाचन लागि थप जनशक्ति खटाउने तयारी सशस्त्र प्रहरीले गरेको छ । कहाँ कति खटाउने भन्ने तयारी भइरहेको र एक/दुई दिनमै थप जनशक्ति खटाइने बताइएको छ । सशस्त्र प्रहरीले मात्रै होइन नेपाल प्रहरीले काठमाडौं उपत्यकाबाट १५ हजार जनशक्ति बाहिरी जिल्लामा खटाउने तयारी गरेको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्लेले १५ हजार जनशक्ति उपत्यकाबाट बाहिरी जिल्लामा खटाइने बताए ।

'उपत्यकाबाट १५ हजार जनशक्ति बाहिरी जिल्लामा खटाउँछौं । केही खटिइसकेका छन्,' काफ्लेले संचारकर्मीसँग भने । उनका अनुसार अहिले १४० जना सिनियर अफिसरहरूलाई चुनौतीपूर्ण मानिएका जिल्लामा खटाइसकिएको छ । यसरी खटिनेहरू धेरैजसो तराईका जिल्ला गएका छन् । मधेश प्रदेशलाई सुरक्षाका हिसाबले बढी चुनौतीपूर्ण मानिएकाले त्यहाँ थप टोली पठाइएको छ ।

अब उपत्यकाबाट ९ फागुनमा कर्णाली र सुदूरपश्चिमका लागि थप टोली खटिन्छन् । १० फागुनमा कोशीका लागि थप टोली पठाउने हेडक्वार्टरको तयारी छ । ११ गते लुम्बिनी र १२ गते गण्डकी र बागमतीमा थप टोली पठाउने प्रहरी हेडक्वार्टरको तयारी छ । यसैबीच गृह मन्त्रालयमा आजै मात्र केन्द्रीय सुरक्षा समितिको बैठक बसेको छ । बैठकमा निर्वाचन सुरक्षा रणनीतिको कार्यान्वय र निर्वाचन तयारी सम्बन्धमा छलफल भएको छ ।

जहाँ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका अधिकारीहरू, ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू सहभागी छन् । भर्चुअल रूपमा सीडीओहरूलाई उपस्थित गराइएको थियो ।

### १० प्रतिशत जनशक्ति बाहेक सबै ट्राफिक चुनावी सुरक्षामा

ट्राफिक प्रहरी कार्यालय, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, लागुऔषध नियन्त्रण ब्युरो, केन्द्रीय अनुसन्धान ब्युरो, साइबर ब्युरो, मानव बेचबिखन अनुसन्धान ब्युरो जस्ता युनिटहरूबाट पनि ठूलो संख्यामा प्रहरीहरू निर्वाचन सुरक्षाका लागि बाहिरी जिल्लामा खटाइँदै छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी नवराज अधिकारीले भोलिदेखि नै ट्राफिकहरूसमेत निर्वाचन सुरक्षाका लागि विभिन्न जिल्ला जाने बताए । उनका अनुसार उपत्यकामा कार्यरतमध्ये १० प्रतिशत ट्राफिक जनशक्ति बाहेक अरू सबै निर्वाचन सुरक्षाका लागि खटिन्छन् ।

### झापामा कार्यदलको टोली

झापालाई अहिले सबै भन्दा बढी सुरक्षा संवेदनशील जिल्लाको रूपमा लिइएको छ । मनोनयन दर्ता लगत्तै झापामा थप जनशक्ति पठाइसकिएको छ ।

झापामा नयाँ र पुराना दलबीच मुठभेड हुनसक्ने चिन्ता रहेको प्रहरीको रिपोर्ट छ । मनोनयन दर्ताकै क्रममा पनि यहाँ धक्कामुक्की भएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रभाव र यही सन्दर्भमा काठमाडौं महानरपालिकाका मेयर बालेन्द्र शाह (बालेन)ले उम्मेदवारी दिएपछि सुरक्षा चुनौती बढेको हो । झापा-५ बाट एमालेका अध्यक्ष केपी शर्मा ओली र बालेन शाह आमनेसामने भएका छन् ।

हेभिवेट भिडन्तका कारण चुनौतीपूर्ण मानिएको झापामा उपत्यकाबाट विशेष तालिम प्राप्त र हातहतियारले सुसज्जित कार्यदलको टोली पठाउने तयारी गरिएको छ । कार्यदलको टोली अन्य प्रहरीको तुलनामा निकै बलियो मानिन्छ । कमान्डोलगायत विशेष तालिम प्राप्त कार्यदलको टोली हतियारले अन्य प्रहरीभन्दा बलियो मानिन्छ ।

(स्रोत: अनलाइनखबर)

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

### रास्वपाको वाचा:

# सांसद मन्त्री नबन्ने, सातै प्रदेश डिजिटल पार्क, ७ प्रतिशत आर्थिक वृद्धि

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ राष्ट्रिय स्वतन्त्र पार्टीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचाको लागि 'वाचापत्र २०८२' सार्वजनिक गरेको छ ।

पार्टीले बिहीवार कर्णाली प्रदेशको सुर्खेतमा एक सभाकाबीच वाचापत्र सार्वजनिक गरेको हो । पार्टीले सार्वजनिक गरेको वाचापत्रमा राज्य संरचना, अर्थतन्त्र, डिजिटल रुपान्तरण, ऊर्जा, शिक्षा, स्वास्थ्य, कुटनीति र सुशासनका क्षेत्रमा व्यापक नीतिगत परिवर्तनको घोषणा गरेको छ । पार्टीले रुपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधार सार्वजनिक वाचापत्रमा उल्लेख गरेको छ ।



पार्टीले आफ्नो नेतृत्वमा सरकार गठन भएलगत्तै दलित तथा पछाडि पारिएका समुदायसँग औपचारिकरुपमा क्षमायाचना गर्दै भविष्यमा त्यस्तो हुन नदिने प्रण गर्ने वाचा गरेको छ । २०८२ भदौ २३, २४ मा भएको जेनजी आन्दोलनका घटनाको छानबीन प्रतिवेदनको पूर्ण कार्यान्वयन गर्ने प्रतिवद्धता पार्टीले गरेको छ ।

**प्रत्यक्ष निर्वाचित कार्यकारी, सांसद मन्त्री हुन नपाउने**

रास्वपाले प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था लागू गर्ने घोषणा गरेको छ । पूर्णसमानुपातिक संसदीय व्यवस्था र सांसद मन्त्री नहुने व्यवस्था र गैरदलीय स्थानीय सरकारजस्ता एजेण्डासहित संविधान संशोधनका लागि राष्ट्रिय बहस थाल्ने वाचा गरेको छ । सार्वजनिक पदमा रहेका सबैको सम्पती छानवीन गरी अवैध सम्पती जफत तथा राष्ट्रियकरण गर्नेगरी कार्यविधि बनाउने घोषणा पार्टीले गरेको छ । सरकारी सेवामा दलगत आवद्धता अन्त्य गर्ने, भ्रातृसंगठन नबनाउने र निजामती प्रशासनलाई 'थोरैले धेरै सेवा दिने', तटस्थ संरचनामा रुपान्तरण गर्ने योजना समावेश गरेको छ ।

**सबै सरकारीसेवा अनलाइनबाटै**

पार्टीले सरकारी सेवा पूर्णरुपमा अनलाइन प्रणालीमा लैजानुका साथै राष्ट्रिय परिचयपत्रमार्फत् एकीकृत डाटाबेस निर्माण गर्ने र 'डिजिटल सर्भिस डेलिभरी' समयबद्ध रुपमा लागू गर्ने योजना अघि सारेको छ । फाइल प्रक्रियामा समयसीमा तोकी ढिलाइ भए स्वत: स्वीकृति वा जबाफदेही बनाउने प्रणाली लागु गर्ने वाचा रास्वपाले गरेको छ ।

**वार्षिक ७ प्रतिशत आर्थिक वृद्धि**

पार्टीले आगामी पाँच वर्षमा औषत ७ प्रतिशत वार्षिक आर्थिक वृद्धि हासिल गरी प्रतिव्यक्ति आय ३ हजार अमेरिकी डलर पुयाउने घोषणा गरेको छ । कर प्रणालीलाई सरलीकरण गर्दै व्यक्तिगत र संस्थागत करको बोझ हटाउने वाचा पनि पार्टीले गरेको छ । निजी क्षेत्रसँग उन्नत समझदारी गर्ने तथा करिब दुई दर्जन असान्दर्भिक कानून खारेज गर्ने रास्वपाको योजना रहेको पनि सार्वजनिक वाचापत्रमा उल्लेख छ । सहकारी र लघुवित्त क्षेत्रलाई कडा नियमनमा ल्याउने, साना बचतकर्ताको रकम १०० दिनभित्र फिर्ता गर्ने र 'एकीकृत बचत सुरक्षा कोष' स्थापना गर्ने प्रतिवद्धता पनि पार्टीले गरेको छ ।

राष्ट्रिय रणनीतिक उद्योग र सातै प्रदेशमा डिजिटल पार्क

रास्वपाले सूचनाप्रविधिको क्षेत्रलाई 'राष्ट्रिय रणनीतिक उद्योग' घोषणा गर्दै हालको डेढ अर्ब डलर निर्यातलाई १० वर्षमा ३० अर्ब डलर पुऱ्याउने घोषणा गरेको छ । सातै प्रदेशमा 'डिजिटल पार्क' निर्माण गरी सूचनाप्रविधिको क्षेत्रमा ५ लाख रोजगारी सिर्जना गर्ने पार्टीको लक्ष्य रहेको छ ।

क्रिप्टोकरेन्सी नियमन, डाटा सेन्टर विकास, एआई कम्प्युटिङ निर्यात तथा रिमोट वर्कलाई कानुनी मान्यता दिने नीति लागु गर्ने पनि सार्वजनिक वाचापत्रमा उल्लेख गरिएको छ ।

**उर्जा विकास दशक घोषणा: ३० हजार मेगावाट जडित क्षमता हासिल गर्ने लक्ष्य**

पार्टीले आगामी दशकमा ३० हजार मेगावाट जडित क्षमता हासिल गर्ने लक्ष्यसहित ऊर्जा विकास दशक घोषणा गर्ने वाचा गरेको छ । ऊर्जा आयोजनाका लागि एकद्वार सेवा, निजीक्षेत्रको संलग्नता विस्तार र छिमेकी मुलुकसँग दीर्घकालीन ऊर्जा व्यापार सम्झौता गर्ने पनि पार्टीले वाचा गरेको छ । रेलमार्ग विस्तारको ५० वर्षे गुरुयोजना, मेची-महाकाली विद्युतीय रेल, प्रमुख सहरसम्म शाखामार्ग तथा चीन-भारत रेल सञ्जालसँग जोड्ने दीर्घकालीन योजना पार्टीको वाचापत्रमा उल्लेख छ ।

**रास्वपाको विदेश नीति र कुटनीति: भाइब्रेन्ट ब्रिज**

नेपाललाई बफर स्टेटबाट 'भाइब्रेन्ट ब्रिजमा रुपान्तरण गर्ने अवधारणासहित सन्तुलित कुटनीति अवलम्बन गर्ने नीति पार्टीको रहेको उल्लेख छ । प्रवासी नेपालीलाई दोहोरो नागरिकताको नीति पनि पार्टीले लिएको जनाएको छ । विदेशबाट मतदानको अधिकार र राष्ट्रिय ज्ञान बैंक स्थापना गर्ने वाचा पार्टीले गरेको छ । सत्तामा पुगेपछि बिग्रिने राजनीतिक संस्कृतिबाट टाढा रहने प्रतिवद्धता जनाउँदै पार्टीले भ्रष्टाचारविरुद्ध शुन्य सहनशीलता अपनाउने र आन्तरिक अनुशासन संयन्त्र बलियो बनाउने वाचा गरेको छ ।

# सनसाईन बोर्डिङको २६ औं अभिभावक दिवस सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ हेटौंडा उपमहानगरपालिका-३ बसामाडीस्थित सनसाईन इंलिस बोर्डिङ स्कुलको २६ औं अभिभावक दिवस सम्पन्न भएको छ ।

बुधबारबाट सुरु भएको अभिभावक दिवसको बिहीबार समापन गरिएको हो । अभिभावक दिवसको अवसरमा विद्यार्थीले नृत्य, गायन, उद्घोषण र नाटक प्रदर्शन गरेका थिए । सनसाईन बोर्डिङ स्कुलका प्रधानाध्यापक राजकुमार नहर्कीको सभाध्यक्षतामा भएको कार्यक्रमको दोस्रोदिन हेटौंडा उपमहानगरपालिका-३ का वडाध्यक्ष ढलक थापाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रमुख अतिथि थापाले सनसाईन बोर्डिङ स्कुल वडाकै उत्कृष्ट शैक्षिक हबको रुपमा विकास भैरहेको बताए । विद्यालयको राष्ट्रिय परीक्षाको उत्कृष्ट नतिजाले वडाको इज्जत धानिरहेको वडाध्यक्ष थापाको भनाइ थियो ।

'वडामै धेरै विद्यार्थी रहेको यस विद्यालयको शैक्षिक गुणस्तर लोभलाग्दो छ,' उनले भने, 'वडा कार्यालयले अन्य विकाससँगै शैक्षिक क्षेत्रको विकासको लागि पनि काम गर्दै आएको छ । विद्यालयको स्तरोन्नोतिका लागि वडाले सहयोग गर्ने प्रतिवद्धता जनाउँछु ।' विशिष्ट अतिथि प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले हेटौंडा उपमहानगरपालिकाले निर्धारण गरेको शुल्क भन्दा पनि कम शुल्कमा यस विद्यालयले विद्यार्थी अध्ययन गराउँदै आएको बताए । अरु निजी विद्यालयले शुल्क बढायो भनेर गुनासो सुनिरहन परेका बेला सनसाइन बोर्डिङ स्कुलले भने तोकिएको शुल्क भन्दा कम शुल्कमा अध्ययन गराएको उनको भनाइ थियो ।

सहुलियत शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको विद्यालयमा बालबालिका पढाउन पाउने अभिभावक भाग्यमानी भएको संज्ञा दिँदैं उनले भने, 'भूकम्प प्रतिरोधी भवन छ । मासिक शुल्क अन्तको भन्दा कम छ । राष्ट्रिय परीक्षामा सधैं राम्रो नतिजा ल्याउन सफल छ । यो कारण पनि तँपाई अभिभावक भाग्यमानी हुनुहुन्छ ।' विशिष्ट अतिथि प्याब्सन बागमती प्रदेशका सल्लाहकार मदन दाहालले विद्यार्थी भविष्यको कर्णाधार भएको बताए । पछिल्लो समय निजी विद्यालयले गुणस्तरीय शिक्षाको लागि विषयविज्ञ शिक्षक राखेर मेहेनतका साथ अध्ययन गराइँदा सामुदायिक विद्यालयको तुलनामा निजी विद्यालय अब्बल देखिएको दाबी गरे ।

कार्यक्रमका सभाध्यक्ष एवम् विद्यालयका प्रधानाध्यापक राजकुमार नहर्कीले सानो कोठाबाट सुरु भएको विद्यालय अहिले १ हजार विद्यार्थी पढ्ने थलोको रुपमा विस्तार गर्न सकिएको बताए । उनले हालसम्म १८ वटा एसईई व्याज उतारेको बताए । २०६६ सालबाट एसएलसीमा समावेश गरिएको नहर्कीको भनाइ छ । 'हामीले अहिले २६ औं अभिभावक दिवस मनाइरहे पनि हाम्रो स्थापना ३३ वर्ष भैसक्यो, उनले भने, 'विद्यार्थी संख्यादेखि परीक्षाको नतिजासम्म हामी अगाडि छौं । अब कक्षा ११ र १२ अंग्रेजी माध्यममा व्यवस्थापन संकायको अध्ययन गराउने तयारी थालेका छौं । यही वर्षबाट यो पनि सुरु हुन्छ ।'

नेपाल सरकारबाट छात्रवृत्तिमा निशुल्क एमबीबीएस पढ्न पाउने गरी नाम निकाल्न सफल यस विद्यालयका पूर्वविद्यार्थी रीतिज अर्याल र स्मृति पौडेलको उदाहरण दिदैं प्रधानाध्यापक नहर्कीले यससहित अन्य क्षेत्रमा पनि अब्बल विद्यार्थी उत्पादन गर्न सकिएको स्मरण गराए । अभिभावक दिवसको पहिलो दिन कक्षा २ देखि १० कक्षासम्मका विद्यार्थीले प्रतिभा प्रस्तुत गरेका थिए भने दोस्रो दिन नर्सरीदेखि कक्षा १ सम्मका विद्यार्थीले प्रतिभा प्रस्तुत गरेका थिए ।

# बकैया कला साहित्य महोत्सव सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/झरना साहित्यिक परिवार मकवानपुरको आयोजनामा बकैया कला साहित्य महोत्सव २०८२ सम्पन्न भएको छ ।

३२४ औं साहित्य श्रृंखला एवम् ३३ औं वार्षिकोत्सवको अवसरमा आयोजित दुईदिने साहित्य महोत्सवमा विभिन्न विधाका ११ जना सम्मानित भएका छन् । बकैया-४, स्थित महेन्द्र माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) को सहकार्य मंगलबार र बुधबार महोत्सव भएको हो । महोत्सवमा पुरस्कार समर्पण, चित्रकला प्रदर्शनी, पत्रिका विमोचन, विभिन्न जातजातिका नृत्य, बकैयाको काव्य महक, समकालीन गजल मुक्तक उत्सव, समकालीन काव्य उत्सव, सम्मानित स्रष्टाको रचनावाचन तथा नवसर्जक रचनावाचनलगायत कार्यक्रम भएको थियो ।



संस्थाले प्रत्येक वर्षझैं यसवर्ष पनि पत्रकारिताका माध्यमबाट संस्थाको उन्नयनमा सहयोग गरेबापत ११ हजार १११ राशिको गोकर्ण गौतम स्मृति पत्रकारिता सम्मान-२०८२ बाट यसवर्ष काठमाडौंमा कार्यक्षेत्र बानाएर लामो समयदेखि पत्रकारिता गर्दै आएका मकवानपुरका दीपक अधिकारीलाई प्रदान गरेको छ । यस्तै, १५ हजार ५५५ राशिको बाबुलाल-भोजमाया स्मृति साहित्य सम्मान-२०८२ मकवानपुरका निमेष निखिललाई प्रदान गरेको छ भने युवा साहित्यकारलाई प्रदान गरिँदै आएको नगद ८ हजार पाँच सय राशिको खडानन्द-मनमाया प्रतिभा सम्मान-२०८२ नेपालगञ्जकी ऋचा लुइटेललाई प्रदान गरिएको छ ।

मकवानपुरका महिला साहित्यकारलाई प्रदान गरिँदै आएको नगद ७ हजार ७७७ राशिको सुशीला दंगाल स्मृति सिर्जनशील नारी सम्मान-२०८२ एसआर मन्जरी ओलीलाई प्रदान गरिएको संस्थाका सचिव निलहरि ढुंगेलले जानकारी दिए । ७ हजार ७७७ रुपैयाँको सञ्जीवनी बुटी साहित्य सम्मान-२०८२ मकवानपुरका अर्पण पराजुलीलाई प्रदान गरिएको छ भने ५ हजार ५५५ रुपैयाँ राशिको बकैयाका नवप्रतिभाको सम्मान झरना-बकैया नवप्रतिभा पुरस्कार-२०८२ यसवर्ष बकैया-३ स्थित बुद्ध मावि हात्तीसुँढेकी मोनिका नेगीलाई प्रदान गरिएको हो ।

मकवानपुरमा रहेर कलाक्षेत्रमा योगदान गरेवापत प्रदान गरिँदै आएको ७ हजार ७७७ राशिको खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मान-२०८२ यस वर्ष हेटौंडाका सूर्य सन्यासी र छन्द कवितामा उल्लेख्य योगदान गरेवापत नगद ७ हजार ७७७ राशिसहितको ऋषेश्वर-रुक्मिणी-लक्ष्मीदेवी खनाल साहित्य सम्मान-२०८२ भैरहवाकी सिर्जना खनाललाई प्रदान गरिएको हो । यसैवर्ष स्थापना गरिएको ११ हजार १११ राशिको कुलकुमारी झलकनाथ लोकसाहित्य सम्मान-२०८२ बाट साहित्यकार तथा लोकगायक बझाङका चर्चित देउडागायक नन्दकृष्ण जोशी सम्मानित भएका छन् ।

झरना साहित्यिक परिवारले आयोजना गरेको चित्रकला प्रतियोगितामा महेन्द्र माविका मिखायल थोकर, बुद्ध माविकी रिसा दोङ र बुद्ध माविकै प्रसिद्ध राई उत्कृष्ट ३ मा पर्न सफल भए । यस्तै कविता प्रतियोगितामा बुद्ध माविकी शान्ति नेगी, महेन्द्र माविकी रितु विक र महेन्द्र माविकै इन्द्रकुमारी स्याङ्वो उत्कृष्ट ३ मा पर्न सफल भए । संस्थाकी अध्यक्ष गायत्री रुपाखेतीको सभाध्यक्षतामा भएको समापन तथा पुरस्कार वितरण कार्यक्रममा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्य तथा गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीको विशेष आतिथ्य रहेको थियो ।

कार्यक्रममा झरना साहित्यिक परिवारका संस्थापक र मेशमोहन अधिकारी, पूर्वअध्यक्ष उद्धव सापकोटा, दीपक गौतम, निवर्तमान अध्यक्ष विश्वनाथ सञ्जेल, साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाको आतिथ्य रहेको थियो ।

# गम्भीर अवस्थाका नवजात शिशुको हेलिकप्टरमार्फत उद्दार

साझाकुरा संवाददाता

हेटौंडा, ७ फागुन/ धादिङ जिल्लाको खनियाबास गाउँपालिकास्थित खनियाबास ग्रामीण अस्पतालमा जन्मिएका एक नवजात शिशुको गम्भीर स्वास्थ्य अवस्थाका कारण बुधबार हेलिकप्टरमार्फत आपत्कालीन उद्दार गरिएको छ ।

मंगलबार बच्चा जन्मिए पछि श्वासप्रश्वासमा समस्या देखिएपछि बागमती प्रदेश स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयले जनस्वास्थ्य कार्यालय धादिङको समन्वयमा १९ बर्षकी आमा चुनमाया सहित शिशुलाई थप उपचारका लागि काठमाडौं पठाइएको हो । शिशुको जन्म बिहान करिब ९ बजेर २० मिनेटमा भएको थियो । करिब ३,७०० ग्राम तौल भएका शिशु जन्मनासाथ नरोएको, शरीर निलो देखिएको तथा अक्सिजनको मात्रा ९४ प्रतिशतभन्दा कम भएपछि अवस्था गम्भीर बनेको जनस्वास्थ्य कार्यालय धादिङका प्रमुख अर्जुन पौडेलले जानकारी दिएका छन् ।

ग्रामीण अस्पतालमा तत्काल प्रारम्भिक उपचार गरिएको भएपनि आवश्यक विशेषज्ञ सेवा र उपकरणको अभावका कारण आपतकालीन उद्दार गरिएको निर्देशनालयका निर्देशक डा. नरेन्द्रकुमार झाले बताए । दिउँसो १ बजेर २० मिनेटमा शिशुलाई हेलिकप्टरमार्फत कान्ति बाल अस्पताल, काठमाडौं पुऱ्याइएको जनाइएको छ । अस्पताल पुगेलगत्तै शिशुलाई नवजात सघन उपचार कक्ष (एनआइसीयू) मा भर्ना गरी विशेषज्ञ चिकित्सकको निगरानीमा उपचार सुरु गरिएको जनस्वास्थ्य कार्यालय धादिङले जनाएको छ ।

**प्रजातन्त्रको सम्मान गरौं ।**

- राज्यशक्तिका स्रोत जनता हुन् ।
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो ।
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधार शिला हुन् ।
- प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ ।
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो।
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं ।
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं ।
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं ।
- प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?**

यो सुनौलो अवसर नछुटाउनुहोस्

चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरु अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरु एकै ठाउँमा ।

**नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरूका लागि उत्तम मौका।**

सम्पर्क: ९८५१०२४८६८

**सामाजिक सुरक्षा भत्ता लाभग्राहीको Biomatric Verification गर्ने सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागकोच. नं. ९२ को मिति २०८२।०९।१४ गतेको प्राप्त पत्रानुसार समाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरूको आ.ब. ०८२ २०८३ मा Biomatric Verification नभई सामान्य दर्ता प्रकारबाट नविकरण भएकोमा राष्ट्रिय परिचयपत्र नम्बर मार्फत Verify गर्न बाँकी लाभग्राहीहरूको Biomatric Verification वडा कार्यालयमा सम्पर्क राखी यहि २०८२ फाल्गुण १ गते देखि १५ गते भित्र गर्नु हुन अनुरोध छ ।

**आवश्यक कागजात**

१) सामाजिक सुरक्षा भत्ता परिचयपत्र
२) राष्ट्रिय परिचयपत्र नम्बर (NIN)
३) नेपाली नागरिकता प्रमाण पत्र

**पुनश्च :** बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त असहाय वा ९० बर्ष माथिका जेष्ठ नागरिकको हकमा Biomatric Verify अनिवार्य नभएको ।

हेटौंडा उपमहानगरपालिका
१ नं. वडा कार्यालय
चाईनाक्चाटर, हेटौंडा, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना